**सम्पति विवरण समयमै बुझाऔं जरिवानाबाट बचौं ।**
- सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं ।
- आर्थिक वर्ष शुरु भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेश गरौं ।
- भ्रष्टाचारमा शुन्य सहनशीलता अपनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
epprateekdaily.com



अधिकृत बिक्रेता:
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ साउन ०४ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 20 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२२

# यस वर्ष धानखेतीमा किसानको खर्च बढी

प्रस, सेढवा, ३ साउन/

पर्सा जिल्लाका ग्रामीण किसानहरूले वर्षेबाली धानखेती गर्न आफूहरू विभिन्न समस्याका घेरामा परेको गुनासाहरू गरेका छन् । यस वर्ष एक बिघामा धानखेती गर्न हजारौं रुपैयाँ खर्च गर्नुपरेको उनीहरूको दुःखेसो छ ।

तस्वीर: फाइल/प्रतीक







किसानहरूले रासायनिक मलको अभावलाई धानखेतीमा प्रमुख समस्या रहेको बताएका छन् ।यस वर्षको वर्षेबाली धानखेती गर्नको लागि नेपाल सरकारले पर्याप्त रासायनिक मल उपलब्ध नगराउँदा किसानहरू मलविनै खेती गर्न बाध्य छन् । ब्याडमा बीउ राख्ने समयदेखि नै डिएपी, युरिया र पोटासको अभाव झेल्नुपरेको जगरनाथपुर गाउँपालिका वडा नं ३ का किसान महेन्द्र महरा चमारले बताए । बीउमा छर्ने बेला डिएपी प्रतिकिलो ६० रुपैयाँ र युरिया प्रतिकिलो ४५ रुपैयाँमा खरीद गर्नुपरेको चमारले बताए। नेपाल सरकारको अनुदानको मल वितरण गर्ने जिम्मा कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कम्पनीले पाएका छन्। तर साल्ट ट्रेडिङ कम्पनीले मात्र सीमित परिमाणमा कृषि सहकारी संस्थाका माध्यमबाट मल वितरण गरिरहेको छ । माग धेरै र आपूर्ति साह्रै कम भएकोले वितरणमा निकै कठिनाइ भएको सुपौली कृषि सहकारी संस्थाका सञ्चालक दीपक दासले बताए । मल अभावको कारण प्रतिकिसान १२ किलो मात्र मल दिएको दासले बताए। अहिले रोपाइँको समयमा प्रतिकट्ठा कम्तीमा अढाई/अढाई किलो डिएपी र युरिया छर्नुपर्छ । तर मल अभावको कारण किसानहरू मलविना नै रोपाइँ गर्दैछन् ।

त्यस्तै, इन्धनको मूल्यमा भएको वृद्धिका कारण रोपाइँ साह्रै महँगो भएको किसानहरूको गुनासो छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धिसँगै खेत जोताइको दर महँगो भएको कारण किसानहरू थप आर्थिक भारमा परेका छन्। गत वर्षको तुलनामा यसपालि खेत जोताइ दर मूल्य दोब्बरले भन्दा बढेको छ। गत वर्ष खेत जोताइ दर ८०० देखि एक हजार रुपैयाँ प्रतिघण्टा थियो । तर अहिले एक हजार८०० देखि दुई हजार २०० रुपैयाँ प्रतिघण्टाको दरले खेत जोताइ भइरहेको छ ।

यस वर्ष रोपाइँमा किसानले मौसमको मार पनि नराम्ररी झेल्नुपरेको छ । रोपाइँको समयमा वर्षा नहुँदा अधिकांश खेतमा रोपाइँ भएको छैन भने रोपाइँ भएका धानबाली पहेंलो भई सुक्ने अवस्थामा पुगेको छ। आकाशे पानीको भरमा हुने खेती सिंचाइको अभावमा खेत बाँझो हुने देखिएको छ। लामो समयदेखि पानी नपरेको तथा घाम बढेर नदी, खोला र कुलोमा पानी सुक्दै जाँदा कृत्रिम सिंचाइ गर्न पनि समस्या उत्पन्न भएको छ । दमकलबाट सिंचाइ निकै खर्चिलो भएको छ। एक बिघा खेत सिंचाइ गर्दा १५–२० घण्टा लाग्ने र दमकलको भाडा प्रतिघण्टा ३०० देखि ४०० रुपैयाँ रहेको छ ।

किसानले सबै समस्या झेल्दै बाली उत्पादन गरे पनि उत्पादनको उचित मूल्य पाउने गरेका छैनन्। अहिले किसानहरूले चैते धान (हर्दिनाथ) बाली भित्र्याउँदै छन्। सो धान किसानले प्रतिक्वीन्टल एक हजार ७०० देखि एक हजार ८०० रुपैयाँको दरमा बिक्री गर्न बाध्य छन्। व्यापारीहरूले नयाँ धानको मूल्य त्यति नै भएको भन्दै सो मूल्य कायम गरेका छन्। खेतीको समयमा पैसाको आवश्यकता बढी भएर गर्जो टार्न बाध्य भएर कम मूल्यमा धान बेच्नुपरेको किसानहरूको गुनासो छ ।

# चापाकल सुकेर खानेपानीको समस्या बढ्दै

प्रस, वीरगंज, ३ साउन/

पर्सा जिल्लाका विभिन्न क्षेत्रमा ठाउँमा धानबाली डढेर नष्ट हुँदैछन् । कतिपय किसानको धानखेतीमा पानीको मुकेश सिंहले भूमिगत पानीको सतह कम भएर चापाकलबाट टङ्कीमा पानी भर्न



तस्वीर: प्रतीक



भूजलको सतह घट्दै गएपछि महानगरपालिकामा पनि भूमिगत पानीको सतह घटेको छ । महानगरमा असार महीनाभरि चार दिन मात्र वर्षा भएको थियो । ग्रामीण क्षेत्रमा भने दुई साताअघिसम्म वर्षा भयो तर पनि थुप्रै ठाउँमा भूमिगत पानीको सतह घटेर अहिले सिंचाइको लागि समस्या भएको छ ।

ग्रामीण क्षेत्रमा धानखेतीको लागि अहिले पनि आकाशे वर्षाको पर्खाइमा किसानहरू छन् भने केही समृद्ध किसानहरू बोरिङ, पम्पसेटबाट सिंचाइ गर्दैछन् । तर भूमिगत पानीको सतह घटेकोले अहिले उनीहरूलाई पनि समस्या भएको छ। पानी नपरेर जिल्लाका थुप्रै अभावले खेतमा धाजा परेको छ। पानीको सतह कम भएपछि ठोरी, जगरनाथपुर, जीराभवानी, पोखरिया, कालिकामाईलगायतका क्षेत्रमा पिउने पानीको पनि समस्या हुन थालेको छ । महानगरमा पनि पानीको सतह घटेकोले थुप्रै वडामा अहिले पानीको हाहाकार भएको छ ।

नेपाल खानेपानी संस्थानबाट उपलब्ध पानीबाहेक घरमा चापाकल गाडेर बोरिङ गरी खानेपानी प्रयोग गर्ने महानगरका बासिन्दाहरूलाई अहिले समस्या भएको छ। चापाकल सुक्ने क्रममा छन्। कतिपय वडामा एकाबिहान मात्र चापाकलबाट पानी निस्किने गरेको छ भने दिनभरि पानी आउन छोडेको छ। वडा नं १६ का धेरै समय लाग्ने गरेको बताए । उनले सामान्य अवस्थामा चापाकलबाट मोटरले पानी तान्दा एक घण्टामा टङ्की भर्ने गरेकोमा अहिले दुई/तीन घण्टामा पनि टङ्की भर्न नसकेको बताए ।

वीरगंज–३ का पनि थुप्रै चापाकल सुकेका छन्। खानेपानीको लागि समस्या भइरहेको स्थानीय रवि ठाकुरले बताए। गत वर्ष मात्र २८० फिट गहिराइको चापाकल गाडेकोमा यस वर्ष एकाबिहानबाहेक अन्य समयमा पानी आउन छाडेको बताए ।

वडा नं १ का पनि केही टोलमा पानीको समस्या देखिएको छ । महानगरका थुप्रै वडामा पानीको सतह घटेपछि चापाकल सुकिरहेका छन् ।

# विद्यालय निरीक्षक राजेश चौरसियामाथि प्रहरीद्वारा कारबाई

प्रस, वीरगंज, ३ साउन/

जगरनाथपुर गाउँपालिकामा नक्कली शिक्षक भर्ना गरेको कसूरमा अख्तियारमा मुद्दा खेपिरहेका विद्यालय निरीक्षक राजेश चौरसियामाथि जिल्ला प्रहरी कार्यालय, पर्साले पनि कारबाई अगाडि बढाएको छ ।

जिप्रका, पर्साले चौरसियाविरुद्ध सरकारी कागजात, सही, छाप किर्ते गरेको कसूरमा मुद्दा चलाएको प्रहरी उपरीक्षक रमेश बस्नेतले बताए। उनले अख्तियारमा विचाराधीन रहेको मुद्दामा चौरसियाले सरकारी कागजात, सही, छाप किर्ते गरेको र सोको मुद्दा प्रहरीमार्फत चलाउनुपर्ने देखिएकोले निजलाई पक्राउ गरी मुद्दा चलाएको बताए ।

अख्तियारमा विचाराधीन मुद्दा सम्बन्धमा चौरसिया काठमाडौंस्थित विशेष अदालतमा तारिखमा गएका र सोही बखत अख्तियारको निर्देशनमा प्रहरीले निजलाई पक्राउ गरेको बुझिन आएको छ । चौरसियाले २०७४ मा जगरनाथपुर गापामा ३५ भन्दा बढी शिक्षकलाई किर्ते जालसाज गरी नियुक्ति दिएका थिए । उनीहरूको नियुक्तिलाई वैधानिकता प्रदान गर्न उनले गापाका चौबीसवटा सामुदायिक विद्यालयमा सरुवा गराएका थिए । तत्कालीन अवस्थामा नक्कली शिक्षकसम्बन्धी घटना वीरगंज महानगरपालिकाबाट उजागर भएको थियो ।

नेपाल आधारभूत विद्यालय बेलवामा कार्यरत अवधेश यादव र सिकन्दर ठाकुर पक्राउ परेपछि यो विषयले चर्चा पाएको थियो र जगरनाथपुर घटना उजागर भएको हो । अख्तियारले जगरनाथपुर घटना सम्बन्धमा २४ जनासँग दुई वर्षअघि बयान लिइसकेको छ। अहिले सोही मुद्दामा प्रहरीले चौरसियालाई पक्राउ गरेको र पर्सा जिल्ला अदालतमा मुद्दा दायर गरेको बुझिन आएको छ ।

# आन्तरिक राजस्वको लक्ष्यभन्दा कम राजस्व सङ्कलन

प्रस, परवानीपुर, ३ साउन/

आन्तरिक राजस्व कार्यालय, वीरगंजले लक्ष्यभन्दा ५३ करोड कम राजस्व सङ्कलन गरेको छ । गत आव २०७८/७९ मा कार्यालयले राजस्व विभागबाट पाएको रु नौ अर्ब ४४ करोड ४५ लाख ७५ हजारको राजस्व लक्ष्यमा ९२.३० प्रतिशत अर्थात् रु आठ अर्ब ७१ करोड ६९ लाख नौ हजार सङ्कलन गरेको छ ।

तस्वीर: प्रतीक




कार्यालयले विभागबाट आयकरतर्फ दुई अर्ब ४९ करोड ३३ लाख १७ हजार लक्ष्य पाएकोमा लक्ष्यभन्दा ९.७५ प्रतिशत बढी अर्थात् दुई अर्ब ७३ करोड ६३ लाख ५६ हजार, घरबहाल करतर्फ चार करोड ३४ लाख ६६ हजार लक्ष्य पाएकोमा ८६.५९ प्रतिशत अर्थात् तीन करोड ७६ लाख ३७ हजार, ब्याज करतर्फ सात करोड ९० लाख ६८ हजार लक्ष्य पाएकोमा ६८.६५ प्रतिशत अर्थात् पाँच करोड ४२ लाख ७९ हजार राजस्व सङ्कलन गरेको छ ।

त्यसैगरी, मूल्य अभिवृद्धि करतर्फ दुई अर्ब २३ करोड ५३ लाख दुई हजार राजस्व लक्ष्य पाएकोमा ८५.७२ प्रतिशत अर्थात् एक अर्ब ९१ करोड ६१ लाख २८ हजार, आन्तरिक अन्तःशुल्कतर्फ चार अर्ब ५९ करोड ३२ लाख २२ हजार लक्ष्य पाएकोमा ८६.४८ प्रतिशत अर्थात् तीन अर्ब ९७ करोड २४ लाख ५९ हजार गरी आठ अर्ब ७१ करोड ६९ लाख नौ हजार राजस्व कार्यालयले सङ्कलन गरेको छ ।

जबकि अघिल्लो आव २०७७/७८ मा कार्यालयले नौ अर्ब ८१ करोड ६८ लाख दुई हजार लक्ष्य पाएकोमा ८२.९४ प्रतिशत अर्थात् आठ अर्ब १४ करोड २१ लाख एक हजार राजस्व सङ्कलन गरेको थियो ।

बितेको आर्थिक वर्षमा लक्ष्य बढी पाएको, बजारमा आर्थिक तरलता

(बाँकी अन्तिम पातामा)

# उपमहानगरलाई पर्यटन क्षेत्रको रुपमा विकसित गर्छौं -नगरप्रमुख पौडेल

प्रस, जीतपुर, ३ साउन/

जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेलले पर्सा राष्ट्रिय निकुञ्जलाई पर्यटन क्षेत्रको रूपमा विकसित गर्नुपर्ने बताएका छन् ।

मङ्गलवार नेपाल पर्यटन बोर्ड, बाराद्वारा आयोजित अन्तर्क्रिया कार्यक्रममा नगरप्रमुख पौडेलले जीतपुरसिमरालगायत आसपासका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न उपमहानगरपालिका उद्यत रहेको बताए ।

उनले जीतपुरसिमरा उमनपाको अमलेखगंजलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न नीति तथा कार्यक्रममार्फत योजना बनाइ कार्यान्वयनमा ल्याउनुपर्ने बताए । उनले यस सम्बन्धमा नेपाल पर्यटन बोर्डसँग सहकार्य गर्न उमनपा तयार रहेको बताए ।



कार्यक्रममा बोल्दै नगरप्रमुख पौडेल । तस्वीर: सौजन्य

कार्यक्रममा उपप्रमुख भोलाप्रसाद अधिकारी, नेपाल पर्यटन बोर्ड, बाराका अध्यक्ष कृष्ण साह, नाटा मधेस प्रदेशका अध्यक्ष मोहन शर्मा लामिछानेलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

### विचारसार र सूक्तिहरू

उपवास गर्नाले चित्त अन्तर्मुख हुन्छ, दृष्टि निर्मल हुन्छ र देह हलुका रहन्छ ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# उपाय अवलम्बन भएन

**रक्तसञ्चार केन्द्र वीरगंजमा अहिले रगत अभाव हुने समय हो । सामान्यतया गर्मीयाममा रगतको अभाव बर्सेनि हुन्छ । अत्यधिक गर्मीका कारण मानिसहरू रक्तदान गर्न सक्दैनन् भने यही मौसममा अनेकथरीका बिरामीहरूको सङ्ख्यामा वृद्धि हुने भएकाले रगतको आवश्यकता पनि बढ्ने गर्छ । माग र आपूर्तिमा समायोजन नहुँदा गर्मीमा प्रत्येक वर्ष रगतको अभाव हुँदै आएको छ । रक्तसञ्चार केन्द्रको वार्षिक क्यालेन्डर अनुसार अहिले रक्तदान भइरहे पनि रक्तदाताहरूको सहभागिता उत्साहजनक भने छैन । अहिलेसम्म रगतको बढ्दो मागलाई थेग्नेसम्मको काम भएको छ तर यथावस्थामा धेरै दिन थेग्न भने गाह्रो हुन्छ । पर्सासहित बारा, रौतहट, सर्लाहीसम्म रक्तसञ्चार केन्द्र, वीरगंजबाटै रगतको आपूर्ति हुने गर्छ । नेपाल सरकारले नेपाल रेडक्रस सोसाइटीबाहेक वीरगंजमा नेशनल मेडिकल कलेजलाई आफ्नो छुट्टै रक्तसञ्चार केन्द्र सञ्चालनको इजाजत दिएको छ । नेशनल मेडिकल कलेजले सञ्चालन गरेको रक्तसञ्चार केन्द्र उसको आफ्नै अस्पतालको लागि अपुग छ । उसले अन्य अस्पताललाई सघाउने गरेको छैन । सट्टाभर्नाबाट रगतको आपूर्तिलाई कलेजले अहिलेसम्म धान्दै आए पनि अत्यधिक मागको बखत यहाँका बिरामीहरूको भार पनि रक्तसञ्चार केन्द्र, वीरगंजले नै थेग्दै आएको छ ।**

**वीरगंजमा साना–ठूला गरेर अहिले ३१ भन्दा बढी अस्पताल छन् । त्यस्तै, कलैया, सिमरा, चन्द्रपुर, गौर, हरिवन आदि ठाउँमा रहेका अस्पतालहरूले माग गरेका रगत वीरगंजबाट आपूर्ति हुने गरेको छ । केन्द्रमा अहिले मासिक साढे सात सय पिन्ट बढी रगतको माग छ । मेडिकल हब भनिने चितवनको तुलनामा वीरगंजमा रगतको माग न्यून छ । राजधानीमा वार्षिक दुई लाख पिन्ट रगतको खपत छ भने भक्तपुरमा ३५ हजार र चितवनमा ३० हजार पिन्टको हाराहारीमा रगतको खपत छ । वीरगंजमा रगतको अभाव हुन नदिनका लागि लामो समयपछि सरकारले जडान गरेको कम्पोनेन्ट मेशिन चालू भएको छ । तर कम्पोनेन्ट मेशिनको बारेमा स्थानीय चिकित्सक कम जानकार भएका कारण अहिलेसम्म यसको उद्देश्य अनुसार प्रयोग भने हुन सकेको छैन । प्लाज्मा, प्लेटलेट र प्याकसेल रगतको छुट्टाछुट्टै माग भएर सो अनुरूपको आपूर्ति हुने हो भने केही हदसम्म रगत अभाव टर्न सक्थ्यो । अहिले पनि होल रगत बिरामीहरूमा खपत हुँदै आएको छ । चिकित्सकहरूले कम्पोनेन्ट मेशिनको प्रयोग बढाउने कार्य गरेमा एउटै रगतबाट तीन थरीका रगत छुट्याएर बिरामीको आवश्यकता अनुसार रगतको आपूर्ति गर्न सकिन्थ्यो । तर यस्तो हुन नसकेको कारण जहिले रगत अभाव हुने गरेको छ ।**

**वीरगंजमा रगतको खपत अन्य स्थानको तुलनामा कम छ । कम्पोनेन्ट मेशिनको प्रयोग भएमा रगतको अभाव हुँदैनथ्यो । होल रगतको साटो एउटै रगतबाट तीन थरीका रगत बनाउन सक्ने प्रविधिको प्रयोग अविलम्ब गर्न जरुरी छ । यसको प्रयोग सार्थकरूपबाट भएर रगतको [redacted] विकल्पको खोजी गर्नुपर्ने अवस्था [redacted]**

# देउवालाई गाली कि ताली

स्वतन्त्र विचार



विनोद गुप्ता

> **जस्तोसुकै सरकार भएपनि यो शीर्षकको रकम खर्च नभएर बस्नु भनेको विकास नहुनु हो र विकास नहुनु भनेको आर्थिक–सामाजिक अवस्थामा परिवर्तन नहुनु हो । त्यसैले आँखा चिम्लेर सबैको विरोध गर्नुभन्दा पूँजीगत शीर्षकको पूर्ण उपयोग कसरी गर्ने भन्ने विषयमा राष्ट्रियस्तरमैं संवाद गरेर समाधान खोज्नुपर्ने बेला आएको छ ।**

देउवा नेतृत्वको गठबन्धन सरकारले एक वर्षको कार्यकाल पूरा गरेको छ । यस अवसरमा उसले ४२ बुँदे उपलब्धि विवरणसमेत निकालेको छ । तर सरकार पूर्णतया असफल भएको भनाइ पनि बाहिर आएको छ । विपक्षीले परमादेशको सरकार भन्ने गरे पनि वस्तुतः जनप्रतिनिधिहरूकै हकअधिकार हनन गर्न उद्यत तत्कालीन प्रम केपीशर्मा ओलीकै कारण न्यायपालिका गुहार्न पुगेका सांसदहरूलाई सर्वोच्चले न्याय दिंदा परमादेश देख्ने राजनीतिक कार्यकर्ताले महीनौं संसद् अवरुद्ध गरी विधायिकालाई कामै गर्न नदिए पनि भत्ता भने लगातार कसको आदेशले उठाएको भन्ने उद्घोष सगर्व गर्नुपर्नेमा यस वर्षको अधिवेशनमा राष्ट्रपतिको सम्बोधनमा कसरी अवरोध गर्ने भन्ने नैतिक चेतले यो कार्यक्रम स्थगित गरिरहँदा राष्ट्रपति कुनै दलको नभएर सबैको हुने ज्ञान बिर्सिएर नैतिकवान् बन्न खोजेको प्रतिपक्ष प्रजातन्त्रको लागि सहयात्री हुन नसक्ने अवस्थामा विद्यमान छ । नेपालको इतिहास नै छ, यहाँ राजनीति देश विकासको लागि नभई सत्ताप्राप्तिको लागि हुने गरेको छ ।

तथापि यो सरकार बन्दा आमजनताले मुख्यरूपमा तीनवटा कुराको अपेक्षा गरेको थियो । १) कोभिड नियन्त्रण (२) शान्तिपूर्ण निर्वाचन (३) अर्थतन्त्रलाई लयमा फर्काउने । पहिलोमा केही अपवादबाहेक सरकार सफल नै भएको कुरामा विवाद नहोला । दोस्रोमा स्थानीय निर्वाचन शान्तिपूर्ण तरीकाले सम्पन्न भएको हामी सबैले देखेकै छौं र अब प्रदेश र सङ्घीय संसद्को निर्वाचनसमेत मङ्सिरमा हुने निश्चित प्रायः छ । तेस्रो र सबैभन्दा चर्चित विषय हो अर्थतन्त्रलाई लयमा फर्काउने । यस कार्यमा सरकारको विरोध मात्रै नभई चर्को विरोध भइरहेको छ । बुँदागतरूपमा हेर्दा (१) बढ्दो महँगी (२) बढ्दो सार्वजनिक ऋण (३) बेरुजू (४) बढ्दो व्यापार घाटा आदिलाई अगाडि सारिएको छ ।

गत वर्ष वैशाखसम्म ३.६५ प्रतिशतमा रहेको मुद्रास्फीति यस वर्ष भने वैशाखसम्म ७.८७ प्रतिशत पुगेको छ । तर यसको कारण अन्तर्राष्ट्रिय बजारमा रूस–युक्रेन युद्धका कारण यो अवस्था आएकोले यसमा सरकारले गर्न सक्ने भनेको आफ्नो कर घटाएर मूल्य केही सस्तो गर्नेसम्म हो, जुन सरकारले गरेकै छ । जहाँसम्म सार्वजनिक ऋणको कुरा छ २०७८/७९ को अन्त्यसँगै नेपालको सार्वजनिक ऋण १८ खर्ब ५५ करोड पुगेको छ । पछिल्लो पाँच वर्षमा यो ऋण दोब्बरले बढेको हो र यी वर्षहरूमा संविधान जारी भएपछि र पहिलो निर्वाचनको दुई वर्षसम्म नेपालमा केपीशर्मा ओली नै प्रधानमन्त्री हुनुहुन्थ्यो । र उहाँले सरकार छाड्ने बेला यो ऋण १७ खर्ब २९ अर्ब पुगिसकेको थियो । बेरुजू बढ्नु राम्रो पक्कै होइन तर सबै बेरुजू भ्रष्टाचार नै भने हुँदैन । यसको वृद्धिदरमा भने रोक लगाउनै पर्छ । अब बाँकी रहन्छ व्यापार घाटा जुन सबैभन्दा महत्त्वपूर्ण पाटो हो । गत आर्थिक वर्षको ११ महीनाको व्यापार घाटा १२ खर्ब ६३ अर्ब रहेको थियो भने यस वर्षको सोही अवधिमा यो १५ खर्ब ७७ अर्ब ३८ करोड पुगेको छ । कोभिडका कारण थला परेको बजार उँभो लाग्न थालेपछि मूल्यवृद्धिको साथसाथै आयात बढेका कारणले यो अवस्था आएको स्पष्ट देखिन्छ । यसले गर्दा एकातिर विदेशी मुद्राको खर्च बढ्यो र पर्यटन क्षेत्र एवं विप्रेषण उँधो लागेकाले विदेशी मुद्राको आपूर्ति हुन नपाई नेपालसँग छ/सात महीनाको आयात धान्न सक्ने विदेशी मुद्राको सञ्चिति रहन गयो । सामान्य अवस्थामा विदेशी मुद्राको सञ्चिति सात महीनाको आयात थेग्ने हुनुपर्छ भन्ने मान्यता हो । तर यसैका लागि नेपाललाई श्रीलङ्का बन्ने बाटोमा लागिसकेको भन्नसम्म पनि भ्याइ रहँदा सरकारले यस अवस्थाको निरूपणको लागि आयातमा बन्देज लगायो, जुन अहिले असारबाट बढाएर भदौसम्म पुऱ्याइएको छ । साथै कोभिडपछिको अवस्थामा विप्रेषण र पर्यटन क्षेत्रसमेत उँभो लागिरहेको बेला नेपाल राष्ट्र बैंकले पछिल्लो ११ महीनाको विदेशी मुद्राको सञ्चिति र शोधनान्तर घाटाको तथ्याङ्क सार्वजनिक गरेको छ ।

तथ्याङ्क अनुसार ११ महीनामा विप्रेषण सात अर्ब ५१ करोड र वैदेशिक लगानी १७ अर्ब ३५ करोड डलर भित्रिएको छ । नेपालले जेनतेन एमसिसी परियोजना पास गरेपछि बन्द जस्तै रहेको वैदेशिक सहायता बढ्ने सङ्केतहरू पनि देखिंदैछन् । विश्व बैंक र एशियाली विकास बैंकका साथै युएसआइडीको सहायताले समेत निरन्तरता पाउने भएको छ । अर्थतन्त्रको परिप्रेक्ष्यमा यो अवस्था आए पनि सरकार छ भनेर नबुझ्ने, नदेख्नेलाई राम–राम मात्रै भन्न सकिन्छ । भीरबाट खस्नबाट रोक्न सकिन्न । तर यी सबै राम्रा काम हुँदै गर्दा एउटा के कुराले बारम्बार पिरोलिरहेको छ भने त्यो हो खर्च गर्न नसकेर सञ्चिति कोषमा रकम बढ्दै जानु । यस वर्ष नै सञ्चिति कोषमा ११ अर्ब रकम खर्च नभई बसेको छ । यो सरकारले २०७८/७९ मा १६ खर्ब ३२ अर्ब ८२ करोडको बजेट ल्याएको थियो तर आवको अन्त्यसम्ममा जम्मा १२ खर्ब ९६ अर्ब २४ करोड अर्थात् कुल बजेटको ७९.३९ प्रतिशत मात्र खर्च गर्न सक्यो । चालूतर्फ बजेटको ९०.२५ प्रतिशत, वित्तीय व्यवस्थातर्फ ६२.५ प्रतिशत र पूँजीगततर्फ ५७.२३ प्रतिशत मात्र खर्च भएको छ । पूँजीगततर्फको ५७.२३ प्रतिशत पनि असारे विकाससमेत गरी हो । अन्यथा यो ३८–४० प्रतिशतभन्दा बढी छैन । सरकारको यो नै सबैभन्दा कमजोर पक्ष रहेको छ । जस्तोसुकै सरकार भएपनि यो शीर्षकको रकम खर्च नभएर बस्नु भनेको विकास नहुनु हो र विकास नहुनु भनेको आर्थिक–सामाजिक अवस्थामा परिवर्तन नहुनु हो । त्यसैले आँखा चिम्लेर सबैको विरोध गर्नुभन्दा पूँजीगत शीर्षकको पूर्ण उपयोग कसरी गर्ने भन्ने विषयमा राष्ट्रियस्तरमैं संवाद गरेर समाधान खोज्नुपर्ने बेला आएको छ । यो पृष्ठभूमिमा अब गठबन्धनको देउवा सरकारलाई गाली दिने कि ताली पाठकहरूको विवेकमैं निर्भर छ ।

| | २०७८ | | | | | | | | | २०७९ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | वैशाख | जेठ |
| विदेशी मुद्राको सञ्चिति डलरमा | ११.४२ अर्ब | ११.१४ अर्ब | १०.९८ अर्ब | १०.४७ अर्ब | १०.०३ अर्ब | ९.८९ अर्ब | ९.७५ अर्ब | ९.५८ अर्ब | ९.६१ अर्ब | ९.२८ अर्ब | ९.४५ अर्ब |
| शोधनान्तर घाटा रुपैयाँमा | ३८.७५ अर्ब | ८३.४१ अर्ब | ७६.१४ अर्ब | १.५० खर्ब | २.४१ खर्ब | २.४७ खर्ब | २.५८ खर्ब | २.६८ खर्ब | २.८८ खर्ब | २.६९ खर्ब | २.६९ खर्ब |

# मधेसमा परेन पानी, भएन रोपाइँ

जनकपुरधाम, ३ साउन/रासस

अन्नको भण्डार मानिएको मधेस प्रदेशमा यस वर्ष समयमा धान रोपाइँ हुन नसक्दा किसान चिन्तित छन् । समयमा पानी परेको भए मधेसका अधिकांश जिल्लामा रोपाइँ लगभग सकिनुपर्ने थियो । अहिलेसम्म करीब ५७ प्रतिशत खेतीयोग्य जग्गामा मात्र धान रोपाइँ हुन सकेको जनाइएको छ ।

समयमा वर्षा नहुँदा प्रदेशको ४३ प्रतिशत खेत अझै बाँझो रहेको मधेस प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका बाली विकास अधिकृत मनीषकुमार पालले जानकारी दिए । अहिलेसम्म प्रदेशमा सबैभन्दा बढी सप्तरीमा ७५ प्रतिशत र सबैभन्दा कम पर्सामा ४२ प्रतिशत जग्गामा धान रोपाइँ भएको उनले बताए । असारको दोस्रो साता यता वर्षा नहुँदा वैकल्पिक सिंचाइको प्रबन्ध मिलाएर किसानहरूले धान रोपाइँ गरिरहेको उनको भनाइ छ ।

उनका अनुसार बारामा ६०, सिरहा र सर्लाहीमा ५५, रौतटहमा ५०, महोत्तरीमा ४५ र पर्सामा ४२ प्रतिशत मात्र धान रोपाइँ भएको छ । पर्सामा ५४ हजार ७३२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४७ हजार १३० हेक्टर जग्गामा धान रोपाइँ हुन्छ । त्यस्तै सप्तरीमा कुल ८१ हजार ६६८ हेक्टर खेतीयोग्य जग्गामध्ये ६८ हजार हेक्टर क्षेत्रफलमा, सिरहामा कुल ७३ हजार ९१४ हेक्टर खेतीयोग्य जग्गामध्ये ५४ हजार हेक्टरमा धान रोपाइँ हुने गरेको छ ।

महोत्तरी जिल्लामा ६७ हजार ३५२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४६ हजार ५०० हेक्टरमा, बारामा ६२ हजार



तस्वीर: प्रतीक

८२३ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गा रहेकोमा ४६ हजार २० हेक्टरमा, रौतहटको ५३ हजार ५२० हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गा रहेकोमा ३८ हजार १०० हेक्टरमा धानखेती हुने गरेको मन्त्रालयले जनाएको छ ।

यस्तै धनुषामा ७६ हजार ५३१ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ५९ हजार हेक्टरमा र सर्लाहीको ८४ हजार ६७८ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४६ हजार ७०० हेक्टरमा धान रोपाइँ हुन्छ । तर यस वर्ष ढिलो गरी धानको बेर्ना तयार भएको, ढिलाइ गरी धान रोपाइँ गर्ने प्रवृत्ति र समयमा वर्षा हुनुको कारण अन्नको भण्डार मानिएको मधेस प्रदेशमा अपेक्षाकृत धान रोपाइँ हुन नसकेको अधिकृत पालले जानकारी दिए ।

लामो समयदेखि वर्षा नभएपछि अहिले किसान पानी तान्ने मोटर तथा अन्य वैकल्पिक सिंचाइको व्यवस्था मिलाएर रोपाइँ गरिरहेका छन् भने अधिकांश किसान अझै आकाशे पानीको प्रतीक्षामा छन् । एकातिर किसानले जेनतेन वैकल्पिक सिंचाइको व्यवस्था मिलाएर धान रोपाइँ गरे पनि वर्षा नहुँदा रोपो सुक्न थोलेको छ । "पान्नी तान्ने मोटर लगाएरै करीब एक बिघा जग्गामा धान रोपाइँ गरें"–धनुषाधाम नगरपालिका–४ का किसान सुगम्बर यादवले भने–"वर्षा ठ्याप्पै रोकिएपछि अहिले रोपिएको धानमा डढेलो लाग्न थालेको छ ।" अब पनि केही दिन पानी नपरे रोपाइँ गरिएको धान नष्ट हुन्छ"–उनको चिन्ता छ ।

ठूलो मूल्य र परिश्रम गरेर रोपाइँ गरिएको धानबालीमा पानीकै अभावमा डढेलो लाग्दा चिन्तामा डुबेको किसानको भनाइ छ । सिंचाइका लागि कमला सिंचाइ व्यवस्थापन कार्यालय, धनुषाले निर्माण गरेको पूर्वी र पश्चिमी नहर प्रणालीबाट सिरहा र धनुषाको करीब २५ हजार हेक्टर क्षेत्रमा मात्र सिंचाइ व्यवस्था पुगेको छ । तर लामो समयदेखि वर्षा रोकिएर कमला नदीमा पानीको सतह कम भएका कारण किसानलाई सिंचाइ गर्न समस्या भइरहेको कमला सिंचाइ व्यवस्थापन कार्यालय धनुषाका प्रमुख वीरेन्द्रकुमार यादवले जानकारी दिए ।

"साधारणतया कमला नदीमा पानीको स्तर बढ्दा किसानलाई सिंचाइ गर्न सहज हुन्छ, तर अहिले नदीमा पानी नै छैन"–उनले भने–"पूर्वी र पश्चिम नहर प्रणालीका कारण दुवै जिल्लातर्फ सिंचाइको पहुँच त छ, तर वर्षा नहुँदा नदीमा पानी छैन, जसले गर्दा किसानलाई सिंचाइ गर्न समस्या भएको हो ।"

सिंचाइबाहेक मलखाद र कृषि मजदूरको अभावमा पनि बर्सेनि धानखेती प्रभावित हुँदै आएको छ । एकातिर सिंचाइ अभाव, अर्कोतिर आवश्यकतानुसार कृषि मजदूर नपाइने गरेकाले धान रोपाइँमा समस्या हुने गरेको किसानको गुनासो छ । यसरी सिंचाइ, मलखाद र मजदूर अभावमा मधेस प्रदेशमा धान रोपाइँ प्रभावित हुँदा भोकमरीको चिन्ता बढेको कृषिविज्ञको भनाइ छ । मधेसका जिल्लामा बर्सेनि भदैया, चैते र वर्षे गरी तीन किसिमका धान उत्पादन हुँदै आएको छ ।

[redacted] र्पैत रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# यस्तो पनि सरकारी विद्यालय हुन्छ ?

–सञ्चिता घिमिरे
(साँखु) काठमाडौं, ३ साउन/रासस

झट्ट हेर्दा निजी विद्यालयभन्दा राम्रो भवन । बाहिरीस्वरूप मात्रै होइन भित्र हेर्दा पनि बालबालिकालाई बस्न र पढ्न सजिलो हुने टेबुल, कुर्सी देखिन्छ। विज्ञान प्रयोगशालामा विद्यार्थीले प्रयोग गरेरै सिक्छन् । खानेपानी र शौचालय पनि बालमैत्री छन्। अतिरिक्त क्रियाकलापमा पनि विद्यार्थीलाई उत्तिकै सहभागी गराइएको छ । बालबालिकाको प्रतिभा देखाउनका लागि राम्रो सभाकक्ष हुनु पनि विद्यालयको विशेषता बनेको छ ।

साँखुस्थित भगवती माध्यमिक विद्यालय पुग्ने जो कोही भन्छ– 'सरकारी स्कूलको भवन पनि कति राम्रो' । बाहिरबाट हेर्दा सुन्दर देखिएको विद्यालयभित्र पुग्दा विद्यार्थी सङ्ख्या पनि उल्लेख्य छ । विद्यालयमा व्यवस्थापन समिति, प्रशासन र शिक्षक–कर्मचारी मिलेर काम गरेको देख्न सकिन्छ ।

बसपार्क नजीकै रहेको विद्यालय तीन महीना पहिले मात्र हस्तान्तरण भएको हो। अहिले यहाँ झन्डै ६०० हाराहारीमा विद्यार्थी रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामकुमार वाइबाले बताए। दश वर्ष पहिले १०० हाराहारीमा विद्यार्थी र लथालिङ्ग विद्यालयलाई अहिले सबै मिलेर व्यवस्थित बनाइएको हो । पहिले सरकारी विद्यालयजस्तै शिक्षकले ध्यान नदिएका र व्यवस्थापन समिति र प्रशासनले कडा गर्न नसकेका कारण विद्यालय लथालिङ्ग बनेको उनले बताए।

प्रशासन कडा बनाएर शिक्षकले मेहनत गर्न थालेकाले अहिलेको अवस्थामा विद्यालय आइपुगेको अध्यक्ष वाइबाले बताए । उनले भने–"पटकपटक बैठक बसेर कसरी शिक्षकले पढाउन मन दिन्छन्, छलफल गरी योजना बनाइयो।" पहिले विद्यालयमा गएपछि विद्यार्थी आफैं पढ्छन् भन्ने अभिभावकको सोच थियो, अहिले विद्यालयमैं बोलाएर उनका सन्तानबारे छलफल गरिंदै आइएको छ। घरमा पढ्छन्, पढ्दैनन् भनेर खासगरी परीक्षा आउनु पहिले र नतीजाको समयमा छलफल गर्ने गरिएको छ । अभिभावकले मेरो बच्चा कस्तो पढ्दैछ भन्ने नबुझेसम्म बच्चाले नपढ्ने हुँदा शिक्षक–अभिभावक छलफल नियमित गरिएको अध्यक्ष वाइबाले बताए । शिक्षकले सबैलाई एउटै तरीकाले पढाउने र अभिभावकले ध्यान दिंदा मात्रै विद्यार्थीले ध्यान दिने उनले बताए ।

एक दशक पहिले एउटा कक्षामा औसत १०/१५ विद्यार्थी थिए । अहिले


तस्वीरः फाइल

अधिकांश कक्षामा ४० विद्यार्थी छन् । पछिल्ला केही वर्ष मेरो सन्तानलाई पनि भर्ना गरिदिनुपर्‍यो भनेर अभिभावक आइरहँदा स्थान अभावका कारण अरू विद्यालयमा पढाउनुपरेको अध्यक्ष वाइबाले बताए। दातृ संस्थाले ४० विद्यार्थी मात्रै राख्न सकिने गरी टेबुल, कुर्सीको व्यवस्था गरेको छ। कक्षाकोठाको आकार ठूलो भएपनि टेबुल कुर्सी नहुँदा विद्यार्थी थप गर्न नसकिएको उनले बताए । विद्यालयले त्यस्तै टेबुल, कुर्सी खोजेकोमा नपाइएको जानकारी दिंदै अध्यक्ष वाइबाले भने–"मिल्दो खालको टेबुल कुर्सी राखेर पनि अर्को वर्षदेखि थप विद्यार्थी भर्ना लिनुपर्छ।"

अधिकांश सामुदायिक विद्यालयमा स्थानीय विद्यार्थी नै पढ्न नआउने समस्या यो विद्यालयमा छैन। यहाँ टाढाटाढाबाट धाएर, बहालमा बस्ने र स्थानीय गरी सबै किसिमका विद्यार्थी अध्ययन गर्छन्। एकताका यहाँ टाढाटाढाका र अन्य ठाउँमा घर भएर यहाँ बहालमा बस्ने विद्यार्थी मात्रै थिए । पहिले लप्सेफेदी, पालुबारी, इन्द्रायणीलगायत ठाउँबाट यहाँ पढ्न आउँथे। अहिले बाहिरका विद्यार्थीसँगै स्थानीयको पनि प्राथमिकतामा यो विद्यालय परेको छ। उनले भने–"निजी विद्यालयबाट निकालेर पनि हाम्रोमा भर्ना गर्न थालेका छन् ।" निजी विद्यालयबाट झिकेर छ र सात कक्षामा यहाँ ल्याउने बढी छन् । धेरै अभिभावकलाई सामुदायिक विद्यालयमा आफ्ना सन्तान पढ्न पाउँदा उच्च शिक्षामा सजिलो हुन्छ भन्ने धारणा पाइन्छ र सामुदायिकमध्ये यही विद्यालय छानेको पाइन्छ। कतिपयले भने पढाइमा निजीभन्दा कम छैन भनेर पनि यहाँ ल्याएको विद्यालयले जनाएको छ।

विद्यालयले हाल कक्षा सातसम्म अङ्ग्रेजी माध्यमबाट पढाइरहेको छ । अङ्ग्रेजी माध्यममा पढाउँदा जनशक्ति व्यवस्थापन चुनौतीपूर्ण रहेको अध्यक्ष वाइबाले बताए । सरकारी पुराना शिक्षकलाई जति तालीम दिए पनि गर्न गाह्रो रहेकोले निजी स्रोतबाट राखिएको उनले बताए ।

विद्यालयमा स्थायी शिक्षक/कर्मचारी मात्रै पर्याप्त नहुँदा आन्तरिक स्रोतबाट राखिएको विद्यालयका प्रधानाध्यापक अनुप श्रेष्ठले बताए । विद्यालयले विद्यार्थीबाट सहयोग शुल्कस्वरूप वर्षमा रु १०० लिने गरेको छ। सबै किसिमका शुल्क गरी १० कक्षामा एक वर्षमा झन्डै रु १,५०० खर्च हुने उनले बताए । प्रधानाध्यापक श्रेष्ठ भन्छन्–"कक्षा ११ र १२ मा विद्यार्थीबाट लिएको शुल्कबाट शिक्षकलाई तलब दिने गरिएको छ भने तल्लो कक्षामा यहींका विद्यार्थी न्यून तलबमा राखिएका छन् ।"

विद्यालयमा हाल छात्रा ६० प्रतिशत र छात्र ४० प्रतिशत हाराहारीमा छन्। अहिलेको भवन विसं २०७४ मा निर्माण शुरू गरिएको थियो । सो भवन डेढ वर्षमा सक्नुपर्ने भए पनि कोरोनाका कारण लम्बिएको थियो । पहिले एक तलाको भवन २०७२ सालको भूकम्पमा चर्किएपछि अस्थायी भवनमा पढाइएको थियो । उनले भने–पाँच वर्षपछि मात्रै हामी यहाँ सर्न पाएका छौं।"

पहिले विद्यालयको सबै कामका लागि जिल्लास्थित शिक्षा कार्यालय जानुपर्नेमा संविधानले माध्यमिक तहको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिएपछि अधिकांश काम नगरपालिकाबाटै हुने गरेको छ। नगरपालिका जाँदा नजीकै र सम्पर्क गर्न सजिलो भए पनि अरू झन्झट भइरहेको प्रधानाध्यापक श्रेष्ठले बताए । स्थानीय तहबाट तलब पठाउन गाह्रो र नपुग्नेगरी पठाउने र ढिला गर्ने समस्या रहेको उनले बताए । प्रधानाध्यापक श्रेष्ठले भने–"अहिले धेरै काममा बढी सोधखोजले चाँडो हुने काम पनि ढिलो भइरहेको छ।"

जिल्ला शिक्षा कार्यालयमा कर्मचारी मात्रै हुँदा सबैलाई एकै किसिमको व्यवहार भए पनि अहिले राजनीतिक व्यक्ति हुँदा विभिन्न किसिमका समस्या आउने गरेको अध्यक्ष वाइवाले बताए । कहिलेकहिले जनप्रतिनिधि र कर्मचारीबीच कुरा नमिल्दा आज हुनुपर्ने काम तीन महीना पछि हुने गरेको बताउँदै उनले भने– "जनप्रतिनिधि राजनीतिक पृष्ठभूमिको हुँदा पूर्वाग्रहले कतै नजीक र टाढा हुने सम्भावना हुन्छ।"

विद्यालयको व्यवस्थापन र कर्मचारी दुवैले यहाँका विद्यार्थी देश र विदेशमा प्रतिस्पर्धा गर्न सक्ने बनून् भनी लागिएको अध्यक्ष वाइवाले बताए । सरकारको नीति अनुसार चल्नुपर्दा चाहेर पनि विद्यालय सुधारका लागि झट्ट केही गर्न नसकेको बताउँदै उनले भने–"हामीसँग आर्थिक स्रोत नहुँदा कतिपय कुरा चाहेर पनि कार्यान्वयन गर्न नसकिने अवस्था छ।" यहाँको पूर्वाधार बनिसकेकोले अबको ध्यान विद्यालयको शैक्षिक अवस्था सुधारमा नै रहेको छ।

कोरोनापछि पढाइका लागि र समय पर्याप्त हुँदा धेरै बालबालिकाको हातमा जुनसुकै समय मोबाइल भएकोले पढाइमा असर पर्न थालेको छ। अध्यक्ष वाइवाले भने–"पहिले पढाइकै लागि अनलाइन कक्षामा मोबाइल चलाउन थालेका विद्यार्थीमा अहिले लत बस्यो ।

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो

काठमाडौं, ३ साउन/रासस

धितोपत्र बजारमा शेयर कारोबारमापक नेप्से परिसूचक दोहोरो अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १६.२७ अङ्कले उकालो लागेर दुई हजार ४५.६९ मा पुगेको छ ।



तस्वीरः फाइल

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.७७ अङ्कले उकालो लागेर ३९१.५३ मा पुगेको छ । कुल २१३ कम्पनीको ५७ लाख १३ हजार २४८ कित्ता शेयर रु दुई अर्ब २९ करोड ९३ लाख १६ हजार ३२६ मूल्यमा खरीद–बिक्री भए ।

नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ । बैंकिङ ६.५६, व्यापार ३२.४७, होटल तथा पर्यटन २७.४१, विकास बैंक ४१.५८, जलविद्युत् १५.९५, वित्त ४४.२, निर्जीवन बीमा ७२.६, उत्पादन ६४.१९, अन्य ३.१८, लघुवित्त ८१.६२, जीवन बीमा ८०.२२, सामूहिक लगानी कोष ०.०१ र लगानी ०.३५ अङ्कले उकालो लागेको छ।

आजको कारोबारपछि बजार पूँजीकरण रु २९ खर्ब २१ अर्ब ३५ करोड ३४ लाख ९५ हजार ४६२ बराबर रहेको छ। कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ ।

सो कम्पनीको रु १५ करोड ९७ लाख ७१ हजार ३३७ बराबरको कारोबार भयो ।

एभरेस्ट बैंक रु १० करोड पाँच लाख २६ हजार ६२३, हिमालयन डिस्टिलरी रु आठ करोड ४८ लाख ३६ हजार ६३७, एनआइसी एशिया बैंक रु छ करोड ८८ लाख र अरुण काबेली पावर रु पाँच करोड ९४ लाख २२ हजार ८४४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पन सफल भए ।

नेप्सेका अनुसार इमर्जिङ नेपाल ८.०१, गणपति लघुवित्त ६.९४, ग्रीन भेन्चर्स ५.५४, आइसिएफसी फाइनान्स ५.२७ र गुह्यश्वरी मर्चेन्ट बैंकका लगानीकर्ताले ४.८१ प्रतिशतले कमाएका छन् ।

त्यस्तै, सिभिल बैंकको ऋणपत्र ७.७५, ग्लोबल आइएमई बैंकको ऋणपत्र ५.७०, सनराइज बैंकको ऋणपत्र ३.९१, आरबिबी म्युचुअल फन्ड एक ३.२७ र तारागाउँ रिजेन्सी होटलका लगानीकर्ताले ३.२६ प्रतिशतले गुमाए ।

# थप ३५७ जनामा कोरोना सङ्क्रमण पुष्टि

काठमाडौं, ३ साउन/रासस

देशभर पछिल्लो २४ घण्टामा थप ३५७ जनामा कोरोना सङ्क्रमण पुष्टि



तस्वीरः फाइल

भएको छ।

पछिल्लो २४ घण्टामा तीन हजार ३५७ जनाको नमूना परीक्षण गरिएको थियो। एक हजार ८५७ जनाको पिसिआर तथा एक हजार पाँच सय जनाको एन्टिजिन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

सो अवधिमा ६२ जना कोरोना भाइरसबाट मुक्त भएका छन् ।

योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ६८ हजार १२६ पुगेको छ । सङ्क्रमणमुक्त हुने दर ९८ दशमलव ६ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा ३६ हजार ३४८ जनाले कोभिड–१९ विरुद्धको खोप लगाएका छन् । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार ९८२ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९५४ पुगेको छ । हाल होम आइसोलेशनमा एक हजार ८६५, संस्थागत आइसोलेशनमा ११७ र आइसियूमा १९ जना सङ्क्रमित छन्।

हाल देशभरमा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौं मात्र रहेको छ । शून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, मुस्ताङ, जाजरकोट, कालिकोट, मुगु, बाजुरा र डढेलधुरा छन्। उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा एक हजार १०९, ललितपुरमा १६० र भक्तपुरमा ४२ जना सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ।

# अझै बनेन गागन खोला र कमला नदीको पुल

जनकपुरधाम, ३ साउन/रासस

तराई–मधेसको 'लाइफलाइन'कै रूपमा रहेको हुलाकी सडक अन्तर्गत निर्माणाधीन महत्त्वपूर्ण दुईवटा पुल लामो जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्। पुल निर्माण कार्य शुरू भएको झन्डै दुई वर्ष बित्न लागदासमेत १० प्रतिशत पनि काम हुन नसकेको स्थानीयवासीको गुनासो छ। उत्तरको पूर्वी बाँध भत्काएर खोलाले साबिकको पुलदेखि २०० मिटर पूर्वबाट धार बनाएर बग्न थालेपछि सो क्षेत्रका स्थानीयवासीको आवागमन कष्टकर


तस्वीरः फाइल

समयदेखि अलपत्र पर्दा सर्वसाधारण सास्ती बेहोर्न बाध्य छन् । निर्माण व्यवसायी कम्पनीका कारण सिराहाको औरही गाउँपालिका–१ स्थित गागन खोला पुल र निर्माण नसकिँदै भासिएको कमला नदीको पुल निर्माण नहुँदा सर्वसाधारण जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका हुन्।

गागन खोलामा निर्माणाधीन पुल निर्माण व्यवसायीका कारण अलपत्र पर्दा वर्षायाममा सर्वसाधारण जोखिमपूर्ण यात्रा गर्न बाध्य बनेको स्थानीयवासी मुकेश यादवले बताए । हुलाकी सडक अन्तर्गत पूर्व बरियारपट्टिदेखि पश्चिम सदरमुकाम सिराहासम्मको सडकमा कालोपत्र सकिए पनि गागन खोलामा पुल निर्माण हुन नसक्दा सिराहाको एक दर्जनभन्दा बढी गाउँका स्थानीयवासी

पुल नहुँदा कामविशेषले सदरमुकाम सिराहा बजार आवतजावत गर्ने सो क्षेत्रका स्थानीयवासी एकातिर खोलामा पुल नहुँदा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् भने अर्कोतिर खोला गहिरो भएको र डाइभर्सनसमेत बगाइएकोले बाढीका बेला सवारीसाधन नै भासिने जोखिम बढेको छ।

उनले भने, "पुल नहुँदा कतिपयले जोखिम उठाएरै खोला तरेर सदरमुकाम पुग्छन् भने कतिपयले घुमाउरो बाटोको प्रयोग गरी दिनभरि समय खर्चिएर सदरमुकाम पुग्ने गर्छन् ।" करीब २० वर्षअघि सडक डिभिजन कार्यालयले सो खोलामा पुल निर्माण गरेको थियो तर पुल निर्माण सम्पन्न भएको १० वर्षपछि आएको ठूलो बाढीले पुलदेखि ३५० मिटर बनेको छ।

"पहिलेको खोलामा पानी बग्न छोडेको छ, त्यहाँको सुक्खा नदीमा पुल छ तर धार परिवर्तन गरी बगिरहेको खोलामा बाह्रै महीना पानी बग्ने गरेको छ," सिराहाको बरियारपट्टि गाउँपालिका–३ का महेश यादवले भने, "सुक्खायाम त केही सहज हुन्छ, तर बाढीको समयमा दुई महीनासम्म त झन् त्यहाँका स्थानीयवासीलाई आवतजावत गर्न गाह्रो हुन्छ ।" हुलाकी राजमार्गको औरही खण्डमा गागन खोलाले बनाएको ती दुईवटै खोला निकै महत्त्वपूर्ण रहेको स्थानीयवासीको अनुभव छ।

सो खोलामा हीराचन/रोशन कन्स्ट्रक्शन प्रालिमार्फत रोशन कन्स्ट्रक्शनले पुल निर्माणको काम गर्दै आएको छ। तीन वर्षभित्र सकिने गरी २०७६ सालमा सम्झौता भएको सो पुल निर्माणको काम कछुवा गतिमा बढ्दा स्थानीयवासी निराश छन् । "पुल निर्माणका लागि अहिलेसम्म पिलर मात्र ठ्याइएको छ," औरही गाउँपालिका–१ का शिवनाथ यादवले भने, "कामको गति हेर्दा निर्धारित समयमा काम सम्पन्न हुने

(बाँकी पाँचौं पातामा)



वीरगंजको घण्टाघरछेउमा रहेको फुटपाथे बजारमा चुरा बिक्री गर्दागर्दै थकाइ लागेपछि आराम गर्दै महिला व्यापारी । साउनमा चुराको अत्यधिक बिक्री हुने गरेको छ । तस्वीरः पङ्कज श्रेष्ठ

# अनिकालको साथी "धर्म भकारी"

-ध्रुवसागर शर्मा
गलेश्वर, ३ साउन/रासस

'परोपकाय पुण्याय पापाय परपीडनम्' अर्थात उपकार गर्नुभन्दा ठूलो अर्को कुनै धर्म हुँदैन र कसैलाई पीडा (दुःख) दिनुभन्दा तल्लोस्तरको अर्को कुनै पाप हुँदैन । त्यसमा पनि सामाजिक परोपकारलाई हिन्दू धर्मशास्त्र वेदलगायत विभिन्न धार्मिक ग्रन्थमा समेत उत्कृष्ट धार्मिक कार्य मानिएको छ ।

समाजको हितका लागि आफ्नो तर्फबाट गरिने उपकारमूलक कार्य नै सामाजिक परोपकार हो । सामाजिक परोपकारका विभिन्न क्षेत्रमध्ये अनिकाल र आपत्विपत्मा परेकालाई समाजका सबै सदस्य मिलेर सहयोग गर्ने। भविष्यमा आउन सक्ने सङ्कटलाई मध्यनजर गर्दै पहिलेदेखि नै अन्नलगायत आवश्यक सामग्रीको जोहो गर्ने प्रचलन समाजमा थियो ।

पहिलेपहिले अनिकाल र विपद् पर्दा हुनेले अन्न दिने, नहुनेले लाने प्रथा थियो। गाउँलेले त्यसलाई 'धर्म भकारी'को नाम दिएका थिए। किसानले मुट्ठी दान गरेर धर्म भकारीमा अन्न थुपार्थे । अन्न नाशिंदा, खडेरी वा बर्खा आदि समयमा त्यही अन्नको पालोपैंचो चल्थ्यो । भोकमरीमा हातमुख जोरिन्थ्यो ।

समय फेरियो । गाउँघरमा पुस्तैनी प्रथाका रूपमा रहेको धर्म भकारी समयक्रममा हराउँदै गयो। अर्थोपार्जनका नयाँ उपाय निक्लिए । बजार बस्यो । पैसाबाट किनमेल हुन थाल्यो । सहकारी र बैंकहरू खुले । मानिसले ऋण लिन थाले, ऐँचोपैँचो बिर्से । यसले धर्म भकारीजस्ता सामाजिक चल्ती र थिति ओझेलमा परे तर आधुनिक विकासको चरम स्थितिमा पनि हाम्रा गाउँघरमा अझै पुराना संस्कृति र जीवनशैलीका अवशेष बाँकी छन् ।

त्यसकै एक उदाहरण हो, म्याग्दीको धौलागिरि गाउँपालिका-७ मा रहेको धर्म भकारी । ठ्याक्कै उहिल्यैकै स्वरूप र तरिकामा नचले पनि गाउँलेले जेनतेन त्यसलाई जोगाएका छन्। ग्रामीण क्षेत्रका बासिन्दालाई खाद्यान्नको सङ्कट पर्दा सारथी बन्दै आएको धर्म भकारी खाद्यान्नको आयात बढेसँगै संरक्षणको पखाईमा छ ।

पछिल्लो समय बजारबाट आयातित खाद्यान्न छ्यापछ्याप्ती गाउँघरमा आउन थालेपछि ताकमस्थित धर्म भकारी सङ्कटमा पर्दै गएको स्थानीय गोपाल आचार्य बताउँछन्। स्थानीय प्रगतिशील महिला अन्न बचत तथा कृषि सहकारी संस्थाले ताकममा सञ्चालन गरेको धर्म भकारीको महत्त्व खाद्यान्न आयातका कारण कम हुँदै गएको हो ।

स्थानीय गोपाल आचार्यका अनुसार अहिले सो अन्न भकारीमा ४०/४५ मुरी धान मात्र रहेको र आगामी असोज/कात्तिकबाट कोदो, मकै, गहुँ पनि सङ्कलन गर्ने योजना रहेको छ । पहिले गाउँमा चाडबाडको समयमा चामल नपाइने भएकोले मङ्सिरमा धान उठाएपछि सदस्यसँग सङ्कलन गरेर धर्म भकारीमा राख्ने र चाडबाडको अवसर पारेर भदौ, असोजमा आवश्यक पर्ने सदस्यलाई धान उपलब्ध गराउँदै आएको संस्थाका पूर्वअध्यक्ष रुक्मिणी पौडेलले जानकारी दिए ।


तस्वीरः रासस

"धर्म भकारी अलि पहिलैबाट सञ्चालित थियो, त्यसको थप व्यवस्थापनका लागि २०६८ सालमा प्रगतिशील महिला अन्न बचत तथा कृषि सहकारी संस्था स्थापना गरी सहकारीमार्फत सञ्चालन गर्दै आएका छौं"-आचार्यले भने-"तर पछिल्लो समय खाद्यान्न आयातका कारण धर्म भकारीको महत्त्व कम हुँदै गएको छ ।"

नब्बेजना शेयर सदस्य रहेको संस्थाले शुरूका वर्षहरूमा मङ्सिरमा धान भित्र्याउने समय खलो (धान झाँट्ने ठाउँ) बाट नै ८० मुरीसम्म धान सङ्कलन गर्दै आएको थियो। संस्थाले शेयर सदस्यसँग शेयरका रूपमा धान सङ्कलन गर्ने र सङ्कटको समयमा सदस्यलाई नै उपलब्ध गराउँदै आएको छ । संस्थाबाट धान लैजाने सदस्यले मङ्सिरमा पाँच पाथीको थप एक पाथीसहित संस्थामा धान बुझाउनुपर्दछ । धान लगेको सदस्यले मङ्सिरमा धान नै उपलब्ध गराउनुपर्छ, धानको सट्टा पैसा दिन पाइँदैन ।

चाडबाडको समयमा चामलको अभाव हुने भएकोले विगतमा यो निकै प्रभावकारी थियो, स्थानीय ईश्वरी आचार्य भन्छन्-"पछिल्लो समय पैसा र खाद्यान्नको अभाव हुन छोडेपछि धर्म भकारीको महत्त्व पनि क्रमशः कम हुँदै गएको छ ।" पहिलेपहिले चाडबाडको समयमा चामल नपाइने समस्या थियो, त्यतिबेला धर्म भकारी आवश्यक ठानेर स्थानीय अगुवाले यसको सञ्चालन गरे, हराउला कि भन्ने चिन्ता भएपछि सहकारीमार्फत व्यवस्थापन गर्दै आएका छौं, तर अझै यसको व्यवस्थापन गर्न संस्थालाई धौंधौ परेको स्थानीयले बताएका छन् ।

संस्थाले पछिल्लो समय सदस्यसँग साप्ताहिकरूपमा बचत सङ्कलन र कर्जा लगानीसमेत गर्दै आइरहेको छ । "हामी अझै अलमलमा छौं, यसको संरक्षण कसरी गर्ने र सहकारीलाई सदस्यको सेवामा लगाउने भन्ने विषयमा सरोकारवालाका तर्फबाट सहयोगको अपेक्षा गरेका छौं"-उनले भने ।

गाउँघरमा खाद्यान्नलगायत वस्तुको उत्पादन, भण्डारण र प्रयोग कम हुँदै गएको, आयातित खाद्यान्नका कारण गाउँका जनताको आम्दानी बजार झरेको र विभिन्न प्रकारका विषादि प्रयोग भएका खाद्यान्न खान थालेका कारण रोगको प्रकोपसमेत बढेको स्थानीयवासीको भनाइ छ ।

गाउँमा चाडबाडको समयमा चामलको समस्या हुन नदिन, महिलालाई सङ्गठित भएर काम गर्न, नेतृत्व विकासका लागि सहयोग पुगोस् भनेर धर्म भकारी सञ्चालन गर्नुका साथै त्यसको संरक्षणको जिम्मा महिला सहकारीलाई दिएको स्थानीय देवेन्द्र थापाले बताए । उनले धर्म भकारीलाई सबैको सहयोग र समन्वयमा निरन्तर सञ्चालन गर्न जोड दिए ।

ग्रामीण क्षेत्रमा सहकारीले जनताको आयस्तर उठाउन तथा सहज जीवनयापनका लागि विभिन्न गतिविधि सञ्चालन गर्दै आएका छन्, सहकारीको प्रवर्द्धनका लागि स्थानीय तहलगायत सरकारी निकाय र अन्य सङ्घसंस्थाको समेत सहयोग हुनुपर्ने स्थानीयवासीले जोड दिएका छन् ।

धर्म भकारीबाटै पछिल्लो समय खाद्य बैंकको अवधारणा आएको पाइन्छ । देशका विभिन्न ठाउँमा यस्ता खाद्य बैंकमार्फत किसानलाई बीउबिजन र अन्नपात वितरण गर्ने गरिन्छ। चाहिंदाको बेला धर्म भकारीबाट अन्न झिकेर लान पाइने र पछि प्रतिपाथिको एक मानाका दरले ब्याजसहित फिर्ता गर्नुपर्ने नियम समितिले बनाएको छ। धर्म भकारीको रेखदेखसहित अन्न लेनदेनको प्रबन्ध समूहले नै गर्ने गरेको छ ।

वर्षभरिमा जहिले अन्न लगे पनि नयाँ अन्न फलेर भित्र्याउने याममा अन्न फिर्ता गर्नुपर्छ। यदि त्यस बेला सबै फिर्ता गर्न नसके ब्याजबापतको मात्र धर्म भकारीमा जम्मा गरी र बाँकी आउँदा वर्षमा तिर्न सकिने पनि व्यवस्था छ । धर्म भकारीलाई व्यवस्थित गर्न भवन निर्माण गरिएको छ । स्व. झनबहादुर थापा र उनकी श्रीमती लाटीदेवी थापाबाट रु पाँच लाख बराबरको जग्गा निश्शुल्क प्राप्त भएको र सोही जग्गामा श्रमदानबाट भवन निर्माण गरिएको ताकमकी अगुवा महिला नेतृ अमृता भण्डारीले बताइन् ।

आयातित सामग्रीको बढ्दो प्रभाव र शहर केन्द्रित बसाइँसराइका कारण गाउँघरमा भकारी राख्ने प्रचलन हराउँदै गएको समयमा धौलागिरि गापाको ताकममा रहेको धर्म भकारी यस क्षेत्रको उदाहरणीय काम बनेको छ ।

**खाद्यान्न व्यवस्थापन चुनौतीपूर्ण : एफएओ**

नेपालमा अहिले पनि अधिकांश परिवार कृषिमैं आश्रित छ । अझै पनि ६० प्रतिशतभन्दा बढी जनसङ्ख्या कृषि कार्यमा प्रत्यक्ष र परोक्ष संलग्न रहेको तथ्याङ्क छ, तर खाद्यान्न उत्पादन भने घट्दै गएको कृषि तथा सहकारी मन्त्रालयको तथ्याङ्कले देखाएको छ । यसरी खाद्यान्न उत्पादन घट्दै जाने र आयातित खाद्यान्न पनि रोकिने समय आयो भने यस्ता धर्म भकारी तत्कालको राहतका लागि निकै उपयोगी हुनेछन् ।

विश्व खाद्य तथा कृषि सङ्गठन (एफएओ) का अनुसार जलवायु परिवर्तनले निम्त्याएको सबैभन्दा ठूलो चुनौती भनेको खाद्यान्न सङ्कट हो। स्थानीय विशेषता रहेका अन्नबाली बिस्तारै उत्पादन हुन छाड्नु, अत्यधिक विषादिको प्रयोगले उत्पादनशील विशेषतायुक्त माटोको क्षमतामा ह्रास आउनु र बिस्तारै रैथाने बीउबिजन लोप हुँदै जानु २१ औं शताब्दीको खाद्यान्न व्यवस्थापनको चुनौती

(बाँकी पाँचौं पातामा)






साउनको शुरूमा पनि पानी नपरेको कारण बर्दिया, गुलरिया नगरपालिका-११, गणेशपुरमा धान रोप्न नपाएर बाँझो रहेको किसानका जमीन ।

**पानीविना धान खेतमा देखिएको धाँजा**

सप्तरीको बलान बिहुल गाउँपालिका र म्याग्दीको बेनी नगरपालिका-६ चुत्रेनीमा लामो समयदेखि परेको खडेरीका कारण माटो सुक्दा रोपिएको धान खेतमा देखिएका धाँजा । तस्वीर: रासस

## फरक समाचार

### श्रवण कुमार बने छोरा-बुहारी

अहिले साउनको महीना चलिरहेको छ र काँवरियाहरू बोलबमको यात्रामा निस्किरहेका छन् । भारत बिहारका एक दम्पतीले आमाबुबालाई काँवरमा



बसाएर १५० किलोमिटरको यात्रा गराएको समाचार अहिले सामाजिक सञ्जालमा भाइरल भइरहेको छ ।

जहानाबाद जिल्ला बस्ने ती दम्पतीले आमा-बुबाको इच्छा पूरा गर्न १५० किलोमिटरको पैदल यात्रा शुरू गरे । मातापिताले देवघरस्थित बाबाधाम जाने इच्छा व्यक्त गरेपछि यस दम्पतीले उनीहरूलाई काँवरमा बसाएर यात्रा शुरू गरे। एकातर्फ छोरा र अर्कोतर्फ बुहारी, बहँगीमा वृद्धवृद्धालाई बोकेर, यात्रामा निस्केका थिए ।

चन्दन कुमार र उनकी पत्नी रानीदेवीले मातापितालाई देवघर पुऱ्याउन श्रवण कुमार बने। दम्पतीले सुल्तानगंजबाट जल लिएर देवघर प्रस्थान गरेका थिए । छोरा-बुहारीको यस्तो यात्रा देखेर अन्य काँवरियाहरूले प्रशंसा गरेका छन् ।

चन्दनले भने-सत्यनारायणको पूजाको क्रममा आमाबुबाले बाबाधाम जाने इच्छा व्यक्त गरे। वृद्धवृद्धा भएको कारण उनीहरू पैदल १०५ किलोमिटर यात्रा गर्न सक्दैनन् । त्यसपछि मैले यो कुरा पत्नीलाई भनें र उनले मलाई हिम्मत दिइन्। हामीले उहाँहरूलाई बहँगीमा बसाएर यो यात्रा शुरू गऱ्यौं । आइतवार सुल्तानगंजबाट जल भरेर बुबालाई अगाडि र आमालाई पछाडि बसाएर यात्रा शुरू गऱ्यौं ।

### मान्छेको दिमागमा चढ्दैछ गर्मी

हामीले सुनेका छौं, अमुक व्यक्तिलाई निकै रिस उठ्यो र उसको दिमाग तात्यो । हालसम्म यो उखानको रूपमा भनिन्थ्यो तर एउटा शोधले यो पुष्टि गरेको छ । संसारमा बढ्दो तापमानको बीच एउटा अनुसन्धान भएको थियो ।



बढ्दो गर्मीको प्रभाव अब मान्छेको दिमाग र उनीहरूको मानसिक स्वास्थ्यमाथि परिरहेको छ। जसले गर्दा चिडचिडापन, डिप्रेशन, बेचैनी, हिंसा पनि बढिरहेको छ ।

बोस्टन युनिभर्सिटीको एउटा शोधमा यसको अध्ययन गरिएको थियो कि बढ्दो हिटवेभको कारण मान्छेको प्रदर्शन र प्रतिक्रिया कसरी प्रभावित भइरहेको छ । हिटवेबको प्रतिक्रिया आक्रामकताको मुख्य कारण बन्दैछ किनभने यसले बिस्तारै बिस्तारै मानिसको दिमागलाई प्रभावित गरिरहेको छ। तापमान बढ्दा मान्छे डिहाइड्रेशन, डेलिरियम र बेहोश भइरहेका छन्। यसको अलावा अन्य थुप्रै परिणाम पनि देखिंदैछ ।

अहिले पूरै संसारको तापमान बढिरहेको छ। यसको मुख्य कारण जलवायु परिवर्तन हो, यसलाई नै ग्लोबल वार्मिङ भनिन्छ । तापमान कम गर्नको लागि मान्छेले आर्टिफिशियल सहारा लिंदैछन् तर सत्य यो हो कि यसबाट तापमान घट्नुको सट्टा बढ्दै गइरहेको छ। वैश्विकरूपमा यसबारे चर्चा भएन भने हिटको एउटा डेन्जर सर्किल बन्न सक्छ ।

एउटा अन्य अध्ययनन अनुसार कुनै स्थानको लागि सामान्य तापमान सीमाभन्दा ५ प्रतिशत बढेपछि अस्पतालको आपातकालीन कक्षमा कमसेकम दसजना रोगीको वृद्धि हुन्छ । सबैभन्दा बढी मान्छेलाई मानसिक समस्या हुन्छ । उनीहरू रिसाहा हुन्छन्, डिप्रेशनको शिकार हुन्छन्, बेचैनी बढ्छ। यस बेचैनीबाट उनीहरू हिंसक वा उग्र हुन्छन् । बढ्दो तापमानले आत्महत्याको घटनालाई पनि बढाएको छ ।

गर्मीको कारण मान्छे स्पष्टसँग सोच्न सक्दैन, ऊ निराश वा आक्रामक हुन्छ। अत्यधिक गर्मीका कारण हिंसक अपराधमा वृद्धि भएको छ। परिवेशको तापमान एक वा दुई डिग्री सेल्सियस वृद्धि भएपछि मानव हमलामा ३-५ प्रतिशत वृद्धि हुन सक्छ ।

सन् २०९० सम्म यो अनुमान लगाइएको छ कि वैश्विकस्तरमा सबै अपराध श्रेणीमा ५ प्रतिशतसम्म वृद्धिको लागि जलवायु परिवर्तन जिम्मेवार हुन सक्छ। यस वृद्धिको कारणमा मनोवैज्ञानिक, सामाजिक र जैविक कारकको एउटा जटिल सम्बन्ध सामेल छ। उदाहरणको लागि सेरोटोनिन नामक एउटा मस्तिष्क रसायन जुन आक्रामकताको स्तरलाई नियन्त्रित राख्छ, त्यो उच्च तापमानबाट प्रभावित हुन्छ ।

द कन्भर्सेशनको एउटा रिपोर्टमा यस कुराको उल्लेख छ कि बढ्दो तापमान पर्यावरणको लागि झनै खतरनाक हुन्छ। बेलायतमा गरिएको सर्वेक्षणमा सामेल ६० प्रतिशत युवाहरूले भनेका छन्, जलवायु परिवर्तनका कारण हामी निकै चिन्तित छौं। ४५ प्रतिशतभन्दा बढी सहभागीहरूले जलवायु परिवर्तनबारे भनेका छन्- यसले दैनिक जीवनलाई प्रभावित गरेको छ ।

- प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## तातो हावाबाट पाँच सय दशजनाको मृत्यु


गमी बढेपछि आफ्नो घोरालाई पानी खुवाउँदै एकजना । तस्वीरः सिन्हवा

म्याड्रिड, ३ साउन/सिन्हवा

स्पेनमा केही दिनदेखि प्रचण्ड गर्मी भएको छ । तातो हावाबाट धेरैजनाको ज्यान गइरहेको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

स्वास्थ्य मन्त्रालयका अनुसार सोमवारसम्म तातो हावाबाट ज्यान जाने सङ्ख्या पाँच सय १० पुगेको छ। देशका विभिन्न भागको तापक्रम ४५ डिग्री सेल्सियस पुगेको छ भने गर्मीका कारण मानिसको ज्यान जाने क्रम पनि रोकिएको छैन । यही जुलाई १० तारिखदेखि गर्मी शुरू भएको हो । गर्मीका कारण यहाँको जनजीवन निकै कष्टकर बनेको छ । स्वास्थ्य मन्त्रालयले तातो हावा शुरू भएको हप्ता जुलाई १० देखि १६ तारिखसम्म १५० जनाको ज्यान गएको जनाएको छ ।

त्यस यता पनि तातो हावाको असरले ज्यान जाने क्रम नरोकिएको भन्दै अधिकारीहरूले सोमवारसम्म ५१० जनाको मृत्यु भएको बताएका छन् । गर्मीका कारण ज्यान गुमाउने अधिकांशमा ज्येष्ठ नागरिक छन् । उनीहरूमध्ये ३२१ जना ८५ वर्षभन्दा माथिका नागरिक हुन् ।

गर्मी अझै बढ्ने अनुमान गरिएकोले त्यसबाट ज्यान जोगाउन सतर्कता पालन गर्न स्वास्थ्य मन्त्रालयले सूचना जारी गरेको छ । रासस

## नैतिकताका धरोहर मण्डेलाको सम्मान गरौं

न्युयोर्क , ३ साउन/एएनआइ/सिन्हवा

संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेसले अफ्रिकाका पूर्वराष्ट्रपति नेल्सन मन्डेलालाई 'नैतिकताका धरोहर'का रूपमा चित्रण गर्दै उनले छाडेर गएको विरासतको सम्मान गर्न आह्वान गरेका छन् ।

"नेल्सन मन्डेला समुदायका समस्या समाधान गर्ने क्षमता भएका महान् व्यक्ति हुनुहुन्थ्यो, उहाँमा हामी सबैको समुज्ज्वल भविष्य निर्माण गर्ने क्षमता र जिम्मेवारीबोध थियो"– महासचिव गुटेरेसले नेल्सन मन्डेला अन्तर्राष्ट्रिय दिवसका अवसरमा उनीप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै भनेका छन् ।

युद्ध, द्वन्द्व,जातिवाद, भेदभाव, गरीबी र असमानताले पिल्सिएको वर्तमान विश्वमा जलवायु प्रकोपले थपेको चुनौतीको सामना गर्न मन्डेलाका दर्शन र प्रेरणा आज पनि उत्तिकै उपयोगी हुने अभिमत उनले जाहेर गरे । न्यायपूर्ण समाज निर्माण तथा मानवताको प्रवर्द्धनमा मन्डेलाले गरेको योगदान सधैं स्मरणीय रहने उनले बताए । रासस

### अनिकालको साथी....

भएको एफएओको प्रतिवेदनमा भनिएको छ ।

सन् २०२५ सम्म विश्वमा खाद्यान्न अभाव भएर विकसित देशका ठूल्ठूला कम्पनीले विकासोन्मुख देशका खाली जमीनमा कृषि गर्न लगानी गर्नुपर्ने सो प्रतिवेदनमा उल्लेख छ ।

पृथ्वीको जनसङ्ख्या पनि दिनानुदिन बढ्दो क्रममा छ र बढ्दो जनसङ्ख्याको अनुपातलाई खाद्यान्न पर्याप्ततातर्फ लैजान कृषिका पारम्परिक विधिलाई पनि जलवायु परिवर्तन अनुकूल बनाउँदै अझ उत्पादनमुखी र व्यवसायीकरण गर्न जरूरी देखिएको वरिष्ठ कृषि वैज्ञानिक डा टीकाबहादुर कार्की बताउँछन् ।

सन् १९६० को दशकमा नेपाल संसारभरि चामलको धेरै निर्यात गर्ने देशमा छैटौं स्थानमा पर्दथ्यो तर बिस्तारै नेपालमा कृषि कार्यमा ह्रास हुँदै जाँदा आज चामललगायत धेरै कृषिजन्य उत्पादन आयात गर्नुपर्ने अवस्थामा पुगेको छ ।

वैदेशिक रोजगारप्रति युवाको आकर्षण बढ्ने क्रमले पनि कृषि पेशा उपेक्षित बन्दै गएको छ ।

ग्रामीण क्षेत्रमा खाद्यान्न अभाव र भोकमरीको समस्या भएको खण्डमा यस्ता धर्मभकारीको महत्त्व र उपयोगिता बल्ल थाहा हुनेछ ।

ताकमेलीको सिको गर्दै अन्य स्थानमा पनि धर्म भकारी स्थापना गरी व्यवस्थितरूपमा सञ्चालन गर्न सकिए भोकमरीको समस्या कम गर्न सहयोग पुग्नेछ ।

### अझै बनेन.........

छाँटकाँट देखिँदैन ।" पुल निर्माणलाई गति दिन आग्रह गर्दा पनि कुनै सुनुवाइ हुन नसकेको उनको गुनासो छ ।

सम्झौता अनुसार नै काम अघि बढाएको निर्माण कम्पनी रोशन कन्स्ट्रक्शनका साइट इन्चार्ज दानालाल यादवले बताए । "सम्झौता भएर २०७७ पुस महीनादेखि पुल निर्माणको काम थालेका हौं," इन्चार्ज यादवले भने, "वर्षा शुरू भएपछि काम रोकिएको हो, वर्षा रोकिएपछि कात्तिक महीनापछि काम पुनः शुरू गर्नेछौं ।" खोलामा कुनै बेला पनि ठूलो बाढी आउन सक्ने भएकोले पुलको काम अघि बढाउन नसकिएको उनको कथन छ ।

यस्तै, निर्माण नसकिँदै भासिएको कमला नदीको पुल एक वर्षमा पनि पुनर्निर्माण नहुँदा सर्वसाधारण सास्ती बेहोर्न बाध्य छन् ।

धनुषा र सिराहालाई जोड्ने कमला नदीको पुल निर्माण कार्य सम्पन्न नहुँदै गत २०७८ असार ३१ मा आएको बाढीले भासिएको थियो ।

भासिएको पुल पुनर्निर्माण नहुँदा निकै सास्ती भइरहेको भन्दै स्थानीयवासीले तत्काल पुनर्निर्माणको माग गरेका छन् । "निर्माण कम्पनीको लापरवाहीका कारण भासिएको पुल पुनर्निर्माण काम अझै शुरू हुन सकेको छैन," धनुषा, कमला नगरपालिका–५ का शत्रिधन साहले भने, "पुलको पुनर्निर्माण काम हुन नसक्दा चार पाङ्ग्रे गाडी सो मार्गमा चल्नै सकेको छैन, दुई पाङ्ग्रे सवारी पनि जोखिमपूर्णरूपमा चलिरहेको छ ।" सुक्खायाममा जेनतेन दुई पाङ्ग्रे सवारी चल्ने गरे पनि हल्का वर्षामा पनि पैदलयात्रीलाई समेत हिंड्डुल गर्न समस्या भइरहेको उनको भनाइ छ ।

बाढीका कारण पहिला पूर्वतर्फको 'स्पर' भासिएको थियो । त्यसको केही दिनपछि पश्चिमतर्फको स्पर पनि भासिएको थियो । "भासिएकामध्ये पूर्वतर्फको स्पर भत्काएर त्यत्तिकै छाडिएको छ," सिराहा नगरपालिका–११ का कमलेश यादवले भने, "जसका कारण मोटरसाइकल डुङ्गाको सहारामा वारपार भइरहेको छ ।"

कुल ४७० मिटर लामो पुल निर्माणका लागि २०६८ सालमैं पप्पु–लुम्बिनी बिल्डर्सले ठेक्का लिएको थियो। शुरूमा सो कम्पनीले मात्र काम गरेको थियो । करीब ३५ प्रतिशत काम सकेर पप्पु बाहिरिएपछि लुम्बिनी बिल्डर्सले बाँकी काम गरेको हो ।

पुल ४२ महीनामा निर्माण हुनुपर्नेमा झन्डै १० वर्षपछि मात्रै निर्माण पूरा भएको थियो ।

तर हस्तान्तरण नहुँदै भासिएपछि सो क्षेत्रका स्थानीयवासी निराश भए । कमला नदीमा पुल निर्माण भएपछि खुशी भएका सो क्षेत्रका सर्वसाधारण पुल भासिएपछि भने निराश बने । "वर्षौंदेखि कष्टपूर्ण यात्रा गर्दै आएका थियौं," कमला नगरपालिका–५ दुर्गानन्द यादवले भने, "तर निर्माण सम्पन्न भएर हस्तान्तरण नहुँदै पुल भासिएपछि यतिबेला हाम्रो सपना चुँडिएको छ ।"

अब कहिले पुल बन्ला र सहजरूपमा यात्रा गर्ने हो भन्ने निश्चित नभएको उनको गुनासो छ। निर्माण कार्य सम्पन्न गरी हस्तान्तरणको तयारी भइरहेका बेला कमला खोलामा आएको बाढीले पुल भासिएपछि गुणस्तर र डिजाइनबारे छानबीन गर्न मागसमेत उठ्दै आएको छ।

डिजाइन गलती भएको र डिजाइन अनुसार काम नभएको भन्दै विभिन्न राजनीतिकर्मी, सङ्घसंस्था र प्रदेश सरकारले छानबीनको माग गरेका छन्।

### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यर्थभ्रमण | वृष – आरोग्यता |
| मिथुन – कर्मप्राप्ति | कर्कट – राज्यभय |
| सिंह – वादविवाद | कन्या – व्यापारवृद्धि |
| तुला – कडाश्रम | वृश्चिक – चोरभय |
| धनु – भयचिन्ता | मकर – विजय |
| कुम्भ – कान्तिक्षय | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


सडकमा चौपायालाई छाडा नछोडौं,
दुर्घटना हुनबाट जोगाऔं ।

वीरगंज महानगरपालिका कार्यालय



रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## भिएसबिके इँटा उद्योग बन्दपछि लहलह बाली झुल्दै तर जताततै क्रसर उद्योग

प्रस, निजगढ, ३ साउन/

निजगढ नगरपालिका वडा नं १ भरतगंजसिंगौल र वडा नं ११ रतनपुरीमा रहेका दुईवटा इँटा उद्योग विस्थापित भएपछि आसपासका खेतीयोग्य जमीनमा


तस्वीरः जीतलाल श्रेष्ठ

लहलह बाली झुल्दैछन् ।

अन्य इँटा उद्योगको तुलनामा भिएसबिके प्रविधिको इँटा उद्योगबाट कम प्रदूषण उत्सर्जन हुने कार्यविधिमा जनाए पनि यस उद्योग आसपासका बस्तीका स्थानीयहरूको पीडा भने कम थिएन। उद्योगबाट निस्किने पिरो धूवाँले आँखा पोल्ने, आँखा पाक्ने, श्वासप्रश्वासमा समस्या हुने, दम बढ्ने, खोकी लाग्ने, रिङ्गटा लाग्ने जस्ता स्वास्थ्य समस्या हुने गरेको आसपासका पीडित स्थानीयहरूले बताउने गरेका थिए। खेतबारीमा लगाइएका बालीमा उद्योगबाट उडेर आएको कालो कण पात र फूलमा पर्दा बाली सप्रन नसक्ने, उत्पादनमा कमी आउने जस्ता समस्या हुने गरेको उनीहरूले बताएका थिए । अहिले तीन/चार वर्षयताबाट सो इँटा उद्योग हटाएपछि सबै समस्या टरेको उनीहरूले जानकारी दिए ।

भिएसबिके इँटा उद्योगको नाममा मापदण्ड मिचेर सञ्चालनमा आएको निजगढ–१ मा रहेको चौधरी इँटा उद्योग चार वर्षअघि बन्द भयो भने, वडा नं ११ मा रहेको जय शक्तिश्वर इँटा उद्योग करीब तीन वर्षदेखि बन्द रहेको स्थानीयहरूले बताए । चुरे फेद र आसपासमा रहेका यी दुई उद्योग बन्द भएपछि इँटा बनाउनको लागि चाहिने खेतीयोग्य माटोको दोहन रोकिनुका साथै प्रदूषण पनि धेरै कम भएको छ ।

इँटा पोल्न पत्थर कोइला प्रयोग हुने भएकोले आसपासका स्थानीयका आँखा पोल्ने, कालो कण उडेर घरमा आउने, धोएर कपडा सुकाउँदा कालो हुने, नाकमा पस्ने, घाँटी खसखसाउने जस्ता समस्या हुने गरेको स्थानीय इन्द्रबहादुर भण्डारी र भगवती भण्डारीले बताएका थिए। बेलुकी सफा गरेको आँगन धूवाँको कण उडेर बिहान उठ्दा कालै हुने गरेको उनीहरूले बताएका थिए । इँटा भट्टा हटेपछि अहिले ती समस्या टरेका छन् ।

"इँटा उद्योग चल्दा विद्यालय पढ्दै गरेका कछडिया बस्तीमा किशोर उमेरका विद्यार्थीहरू पढाइमा ध्यान नदिई इँटा बनाउन जाने गर्थ्ये। अहिले पढाइमा ध्यान दिएका छन्," शिक्षकहरूले भने।

विद्यालयदेखि बढीमा ७०–८० मिटर टाढामा रहेको सो इँटा उद्योग सञ्चालन हुँदा विद्यालयमा पठनपाठनमा निकै सास्ती हुने गरेको नेपाल राष्ट्रिय माविका प्रधानाध्यापक श्यामकुमार शर्माले बताएका थिए। इँटा पोल्दा धूवाँको मुस्लो नै हावाले विद्यालयतर्फ उडाउँदा श्वास फेर्नसमेत निकै कठिन हुन्थ्यो। प्रदूषणको कणले डेक्स, बेन्च कालो हुन्थ्यो। "इँटा उद्योग बन्द भएपछि अहिले विद्यार्थी, शिक्षकका साथै आसपासका बस्तीलाई निकै राहत महसूस भएको छ," स्थानीय बासिन्दा एवं सोही विद्यालयका कर्मचारी रामहरि गौतमले बताए ।

चौधरी इँटा उद्योगले घरेलु कार्यालय, बाराका तत्कालीन कर्मचारीको मिलेमतोमा मापदण्ड मिचेर सञ्चालन गर्ने अनुमति लिएको थियो । घनाबस्ती र विद्यालयबाट कम्तीमा पनि पाँच सय मिटर टाढा सो उद्योग सञ्चालनका लागि इजाजत दिनुपर्नेमा मापदण्डविपरीत मिलेमतोमा सञ्चालन गर्न इजाजत दिइएको थियो ।

वन पैदावर खपत नहुने भन्दै उद्योग मन्त्रालय अन्तर्गतको घरेलु तथा साना उद्योग विभागको कार्यविधि दिग्दर्शन २०६८ मा घनाबस्तीबाट पाँच सय मिटरभन्दा टाढा, मानिस ओहोरदोहोर हुने बाटोबाट नदेखिने स्थानमा हुनुपर्नेलगायतका बुँदा स्पष्ट उल्लेख भएपनि चुरे पहाडदेखि कति टाढाको दूरीमा सो इँटा उद्योग सञ्चालनमा ल्याउन सकिन्छ भन्नेबारे भने स्पष्ट नभएपछि उद्योग सञ्चालकहरूले चुरे फेदको खेतीयोग्य जमीन छनोट गर्दै उद्योग सञ्चालनमा ल्याउँदा चुरे फेद र आसपासका भूबनोट इँटा सञ्चालकहरूले नष्ट पारेका थिए ।

चुरे फेद आसपासका प्राकृतिक जमीन सम्याउने नाउँमा स्थानीय जग्गाधनीलाई प्रलोभनमा पारी माटो काट्दै इँटा बनाउने कार्य नरोक्ने हो भने 'चुरेको माटो चुरेलाई सफा पानी हामीलाई' भन्ने नाराको कुनै अर्थ नरहने सचेत स्थानीयहरूले बताएका थिए ।

एकातिर चुरे पहाड र तराईका खोला, नाला, बगरलगायत खेतीयोग्य जमीनको संरक्षण गर्ने उद्देश्यले राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति गठन गरी संरक्षणको पाटोमा राज्य अघि बढिरहेको छ । जसका लागि राज्यले वार्षिक करोडौं रकम संरक्षणका नाउँमा खर्च गर्दै आइरहेको छ भने, अर्कोतिर छुटेका ऐन, कानून, मापदण्डको कमजोरीको फाइदा उठाउन थाल्दै चुरे फेद र आसपासमा यस्ता उद्योग सञ्चालन गर्न दिने हो भने चुरे संरक्षण कार्यको भावना, योजनाविपरीत कार्य भएको देखिन्छ। अब यस्ता कार्यलाई रोक्नुपर्दछ।

चुरे र आसपासका प्राकृतिक भूबनोटलाई कुनै नाउँमा मास्न, बिगार्न, खलल पुर्‍याउन नहुने राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति एकाइ चितवनका प्रमुख रामहरि पन्थले बताए। "प्रकृति र प्राकृतिक स्रोतसाधन, भूबनोटलाई बिगार्ने होइन, यसको संरक्षणमा लाग्नुपर्दछ। यसबाट नै सबैको हित हुने अन्यथा भावी पुस्तालाई समेत यसको असर पर्नेछ," प्रमुख पन्थले भने।

प्राकृतिक स्रोतसाधन जथाभावी मासिएपछि प्राकृतिक प्रकोपको असर ढिलोचाँडो मानिसले नै बेहोर्नुपर्नेमा दुईमत नहुने विज्ञहरू बताउँछन् ।

बाराका तत्कालीन प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद ढुङ्गानाले सो उद्योगको निरीक्षण गरी मापदण्डविपरीत रहेको ठहर गर्दै एक वर्षको समयसीमा दिई बन्द गर्न निर्देशन दिएपछि सो इँटा उद्योग बन्द भएको थियो ।

सो उद्योगले प्रतिवर्ष सिजनमा छ हजार ७६२ घनमिटर खेतीयोग्य जमीन काट्दै इँटा बनाइरहेको थियो। इँटा उद्योग हुँदा जताततै खाडलै खाडल भएको त्यस स्थानमा अहिले धानबाली लहलह झुलेका छन् भने चुरे पहाडमा समेत हरियाली वृद्धि भएको भरतगंजसिंगौल र रतनपुरीमा देख्न सकिन्छ। इँटा उद्योग हटाएपछि यहाँ हरियालीमा बढोत्तरी भइरहेको स्थानीयहरूको भनाइ छ ।

त्यसैगरी, निनपा–११ रतनपुरीमा रहेको जय शक्तिश्वर इँटा उद्योगले पनि प्रतिवर्ष सिजनमा २२ हजार ६६२ घनमिटर खेतीयोग्य जमीन काट्दै आएको थियो । २०६९ चैत २५ गते दर्ता गरेको एक वर्षपछि सञ्चालनमा आएको यस इँटा उद्योगले पाँच वर्षको छोटो अवधिमा एक लाख १३ हजार ३१० घनमिटर खेतीयोग्य जमीन दोहन गरेको अनुमान छ ।

सो इँटा उद्योगले आसपासका बालीनाली र मानव स्वास्थ्यमा असर गर्दै आइरहेको रतनपुरीका पीडित स्थानीयहरूले भन्दै आए पनि यसबारे उद्योगीले बेवास्ता गर्दै आइरहेका थिए ।

आधुनिक इँटा उद्योगको नाउँमा भिएसबिके प्रविधिको इँटा उद्योग सञ्चालन गर्ने अनुमति दिने हो भने केही वर्षमा नै चुरे स्खलन, खेतीयोग्य जमीन रूखो भएर उब्जनि घट्दै जाने जस्ता विकराल समस्या निम्तिनेछ ।

उद्योगका नाउँमा ऐन नियम मिचेर कर्मचारीहरूको मिलेमतोमा खेतीयोग्य जमीनको बीच भाग, सडक, बस्तीनजीकै कोल्हवी नपा, जीतपुरसिमरा उमनपा, निजगढ नपाका विभिन्न स्थानमा क्रसर उद्योगहरू सञ्चालनमा आइरहे पनि बारा प्रहरी प्रशासन, स्थानीय तह मौन रहँदै आएका छन् ।


विद्यालयको नाम परिवर्तनबारे सूचना

पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं ३१ स्थित सुन्दर इङ्गलिश बोर्डिङ स्कूल पर्सा प्रालि, वीरगंज–३१, पर्साको विद्यालयको नाम सुन्दर इङ्गलिश बोर्डिङ स्कूल पर्सा प्रालिको नाम र ठेगाना परिवर्तन भई मदरल्यान्ड स्कूल पर्सा प्रालि, वीरगंज महानगरपालिका–३ कायम गर्न माग भई आएकोले माग अनुसारको कारबाही अगाडि बढाउनुपर्ने भएकोले उक्त विद्यालयउपर कुनै व्यक्ति वा संस्थाको कुनै प्रकारको हकदाबी भएमा आवश्यक प्रमाणसहित दाबी गर्नुहुन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

# वीरगंजमा चिडियाखाना स्थापनार्थ कार्यदल गठन

प्रस, वीरगंज, ३ साउन/ वन तथा वातावरण मन्त्री प्रदीप यादवले वीरगंजमा चिडियाखाना स्थापना गर्न कार्यदल गठन गरिएको बताएका छन्।


तस्वीर: सौजन्य

चिडियाखानाको सम्भाव्यता अध्ययन गर्न मङ्गलवार आठ सदस्यीय कार्यदल गठन गरिएको उनले बताए। मन्त्री यादवकै सभापतित्वमा बसेको बैठकले वीरगंज-३१ सोलखपुर र वडा नं ३२ रामवनमा चिडियाखाना स्थापनाका लागि सम्भाव्यता अध्ययन गरेर १० दिनभित्र मन्त्रालयमा प्रतिवेदन प्रस्तुत गर्न बताएको छ। प्रतिवेदन पेश गरेको एक महीनाभित्र चिडियाखाना स्थापनाको लागि काम शुरु गर्न मन्त्री यादवले बताए।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक अजय कार्कीको संयोजकत्वमा कार्यदल गठन गरिएको मन्त्री यादवका उपस्वकीय सचिव निखिल वर्णवालले जानकारी दिए। चिडियाखानाको स्थापनापछि पर्यटकीय गतिविधि बढ्नुका साथै वनजङ्गल संरक्षणमा पनि टेवा पुग्ने मन्त्री यादवले बताए।

बैठकमा मुख्यमन्त्री लालबाबुराउत गद्दीले चिडियाखाना स्थापना गर्नका लागि प्रदेश सरकारले सहयोग गर्ने बताए। उनले चिडियाखाना स्थापनाका लागि जग्गा उपलब्ध गराउने र बजेट व्यवस्थापन गर्न सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे।

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले पनि चिडियाखाना स्थापना भएपछि पर्यटकीय गतिविधि बढ्नुका साथै वनजङ्गल अतिक्रमण रोक्न सघाउ पुग्ने र यसका लागि महानगरले निर्णय गरिसकेको जानकारी गराए।

बैठकमा वन तथा वातावरण मन्त्रालयका सचिव डा प्रेमनारायण कँडेल, सहसचिव धनञ्जय पौडेल, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा रामचन्द्र कँडेल, वन तथा भूसंरक्षण विभागका महानिर्देशक राजेन्द्र केसीलगायतको सहभागिता थियो।

गठित कार्यदलमा मधेस प्रदेशका वन निर्देशक, वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, डिभिजन वन कार्यालय पर्साका वन अधिकृत, पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत, वन तथा भूसंरक्षण विभागका सहायक वन अधिकृत र राष्ट्रिय प्रकृति संरक्षण कोषका विज्ञ प्रतिनिधि सदस्य छन्।

# अध्यक्ष गुप्ता सम्मानित

प्रस, वीरगंज, ३ असार/ वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ता कर्पोरेट इन्फ्लुएन्सियल लिडरशिप अवार्ड २०२२ बाट सम्मानित भएका छन्।

कर्पोरेट मिडिया ग्रुपले कर्पोरेट बिजनेस अवार्ड २०२२ बाट अध्यक्ष गुप्तालाई सम्मानित गरेको हो। अध्यक्ष गुप्तालाई उपराष्ट्रपति नन्दबहादुर पुनले सम्मान गरेका थिए।

उद्यमशीलताको क्षेत्रमा अध्यक्ष गुप्ताले अतुलनीय कार्य गरेकाले सो पुरस्कारबाट सम्मानित गरिएको कर्पोरेट मिडिया ग्रुपका अध्यक्ष उज्ज्वलजङ्ग शाहले बताए। नेपाल चामल, दाल तथा तेल सङ्घका केन्द्रीय अध्यक्षसमेत रहेका अध्यक्ष गुप्ता २५ वर्षभन्दा बढी समयदेखि उद्योग-व्यवसाय क्षेत्रमा लागेका छन्।


तस्वीर: सौजन्य

# मिथिलाञ्चलमा मधुश्रावणीको रौनक

जलेश्वर, ३ साउन/रासस महोत्तरी जिल्लासहित मिथिलाञ्चलभरि अहिले मधुश्रावणीको रौनक बढेको छ।


तस्वीर साभार: सामाजिक सञ्जाल

मिथिलाञ्चल क्षेत्रका ब्राह्मण, कायस्थ र सोनार जातिका नवविवाहिता छोरीहरू सोह्र शृङ्गार गरी हातहातमा डाला लिएर समूहमा गीत गाउँदै फूल टिप्न जाँदै गरेको दृश्यले अहिले मिथिलाञ्चललाई रङ्गीचङ्गी र मनोरम बनाएको छ।

यो रौनक साउन शुक्ल पञ्चमी तिथि लागेसँगै मिथिलाञ्चलमा मधुश्रावणी पर्व शुरू भएपछि बढेको हो। साउन शुक्ल पञ्चमी तिथिदेखि मिथिलाञ्चलमा शुरू भएको मधुश्रावणी पर्व आउँदो १५ दिनसम्म चल्नेछ। यस पर्वमा नवविवाहिताहरू प्रत्येक दिन साँझ नजीकका फूलबारी, मठ, मन्दिर, चौतारा र सार्वजनिक पाटी-पौवामा दौँतरीहरूका साथ गीत गाउँदै, हाँसो ठट्टा गर्दै गएर फूल टिपेर ल्याउने गर्छन् भने सोही फूलबाट प्रत्येक दिन बिहान भगवान् शिव, पार्वती र नागदेवताको पूजा गर्छन्।

ब्राह्मण, कायस्थ र सोनार जातिका नवविवाहिता छोरीहरू आफ्ना पतिको दीर्घायु एवं सुख, शान्तिको कामना गर्दै १५ दिनसम्म निकै महत्त्वका साथ यो पर्व मनाउने गर्छन्।

यस पर्वको पहिलो दिन अर्थात् साउन शुक्ल पञ्चमीको पहिलो दिन मैना पञ्चमीका रूपमा र १५औं दिन अर्थात् कृष्ण पञ्चमी अन्तिम दिनलाई मधुश्रावणी भन्ने परम्परा रहेको छ।

मधुश्रावणीको अन्तिम दिन भगवान् शिव, पार्वती र नागदेवताको पूजा गरेपछि बेहुलाले नवविवाहिता बेहुलीको तिघ्रामा कपासको बत्तीमा आगो बालेर पोलेर पर्वको अन्त्य गर्ने परम्परा रहेको छ। जसलाई टेमी भन्ने गरिन्छ। बेहुलाले पोलेपछि बेहुलीको पोलेको ठाउँमा फोका आएमा उनीहरूको दाम्पत्य जीवन सफल र सुखी हुने जनविश्वास रहिआएको छ भने फोका नभएमा नराम्रो जीवन रहने जनबुझाइ रहिआएको छ।

# लेखापढी व्यवसायीका नवनिर्वाचित पदाधिकारीहरूको शपथग्रहण

प्रस, वीरगंज, ३ साउन/ नेपाल लेखापढी कानून व्यवसायी पदाधिकारी सदस्यहरूको मङ्गलवार शपथग्रहण भएको छ।



तस्वीर: प्रतीक

सङ्घ भूमिसुधार तथा मालपोत कार्यालय, पर्साको नवनिर्वाचित मालपोत कार्यालय, पर्सामा आयोजित शपथग्रहण कार्यक्रममा निर्वाचन अधिकृत रूपनारायणप्रसाद कुर्मीले नवनिर्वाचित अध्यक्ष मदनप्रसाद पटेल, उपाध्यक्ष अलिहुसेन मियाँ, सचिव सुरेन्द्रप्रसाद यादव, सहसचिव मनोज कुशवाहा, कोषाध्यक्ष सञ्जीत कानू, सहकोषाध्यक्ष अजय जयसवाललगायत १३ सदस्यीय कार्यसमितिलाई शपथग्रहण गराएका थिए।

कार्यक्रमका प्रमुख अतिथि मालपोत कार्यालयका अधिकृत कुमोद तिवारीले पदीय मर्यादा कायम गरी कानून बमोजिम कार्य गर्न नयाँ पदाधिकारीहरूलाई सुझावसहितको शुभकामना दिए। निवर्तमान अध्यक्ष रामाधारप्रसाद कलवारले कार्यकाल सफलताको लागि शुभकामना दिएका थिए।

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले लेखापढी व्यवसायीहरूलाई कानूनको मर्यादामा रहेर निर्देशित काम गर्न सुझाए। उनले पछिल्लो समयमा केही लेखनदासहरूको कारण व्यवसाय बदनाम भएको चर्चा गर्दै त्यसो नगर्न आग्रह गरे।

निर्वाचन अधिकृत कुर्मीको अध्यक्षतामा भएको शपथग्रहण कार्यक्रममा पूर्वअध्यक्ष शम्भु मिश्र, मालपोत कार्यालयका पूर्वअधिकृत हरिनारायण मिश्र, नापी अधिकृत नागेन्द्र महतो, संस्थापक अध्यक्ष महेन्द्र महतो कोइरीलगायतको सहभागिता थियो।




# फरार अभियुक्तहरू गाउँमा खुलेआम घुम्दै

प्रस, पंचगावाँ, ३ साउन/ विभिन्न मुद्दामा आरोपित र अदालतबाट दण्ड जरिवाना भएर फरार अभियुक्तहरू अहिले गाउँमा खुलेआम घुम्दैछन्।

स्थानीय चुनावको समयमा फरार अभियुक्तहरू गाउँ पसेका थिए।

अहिलेसम्म फरारहरूको सहभागिता गाउँमा छ। स्थानीय प्रहरीले उनीहरूलाई पक्राउ गर्न सकेको छैन। पटेर्वासुगौली गापाको सोनवर्षा, बैरिया, गदियानी, देकुली, पटेर्वा, सुगौली, निचुटा, मोरटोल, मलाहीटोल, भतौडा, गादी, सखुवाप्रसौनी गापाका प्रसौनी, औरहा, जमुनिया, श्रीपुर, गुलवरिया, कटेया, देउरवाना, सोलखपुर, मधुवन मथवल, सिद्धपुर, औराहा, पर्सागढी नपाको मनवा, भटनी, बडेर्वा, एकटाँगा, हरपुर, पचरुखी, बडनिहारलगायतका क्षेत्रमा फरार अभियुक्तहरूको घुमफिर देख्न सकिन्छ। लागूऔषध, गाँजा, चरेस, चोरी, कर्तव्य ज्यान, ठगी, जबरजस्ती करणी, काठ तस्करीलगायतका घटनामा आरोपित अभियुक्तहरू गाउँमा खुलेआम घुमिरहेका र उनीहरूलाई प्रहरीले पक्राउ नगरेकोप्रति स्थानीयले गुनासो गरेका छन्।

कतिपयले सूचना दिंदा पनि प्रहरीले अटेर गरेको बताए।

## अवैध घरेलु मदिरा बरामद

प्रस, जीतपुर, ३ साउन/ इलाका प्रहरी कार्यालय, सिमरा, बाराले अवैध घरेलु मदिरा बरामद गरेको छ।

जीतपुरसिमरा उपमहानगरपालिका-१ को वीरगंज-पथलैया सडकखण्डमा चेकजाँचको क्रममा हेटौंडाबाट सिमरातर्फ आउँदै गरेको ना.७ख ६९१ नम्बरको यात्रुवाहक बसको डिकीमा १६ वटा बोरामा राखिएको चार सय लिटर घरेलु मदिरा र सोही दिशातर्फ आउँदै गरेको ना.१ज २६४४ नम्बरको म्याजिक भ्यानबाट १२ वटा बोरामा तीन सय लिटर घरेलु मदिरा बरामद भएको बारा प्रहरीले जनाएको छ।

बस र भ्यान तथा तिनका चालकद्वय तीतेश्वरप्रसाद गुप्ता र नौशाद आलमलाई नियन्त्रणमा लिई कारबाई भइरहेको प्रहरीले जनाएको छ।

मदिराधनी भने बस र भ्यानबाट फेला नपरेको प्रहरीले जनाएको छ।

## आन्तरिक राजस्व....

घटेको, ढुवानीमा मूअक हटाइएको र मदिरा उद्योगबाट अन्तःशुल्कमा कम राजस्व उठेकाले राजस्व सङ्कलनमा ह्रास आएको कार्यालयका सूचना अधिकारी तथा कर अधिकृत सञ्जय सरदार क्षत्रीले जानकारी दिए।

विगतमा पर्सामा सातवटा मदिरा उद्योग सञ्चालनमा रहे तापनि अहिले चारवटा उद्योगले उत्पादन र निकासी गरिरहेको र बाँकी तीनवटा उद्योगमध्ये एशियन डिस्टिलरी बन्द हुने प्रक्रियामा गएको, एक्शन वाइन र जयश्री धवलागिरिको उत्पादन ठप्प रहेको छ। पर्सामा हिमालयन, उदयपुर, अरुणोदय र स्नोल्याण्ड डिस्टिलरी सञ्चालनमा छन्।

उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं; फजुल खर्च नगरौं।
- बचत गरी बैंक तथा वित्तीय संस्थामा रकम जम्मा गरौं।
- स्थानीय स्रोतको परिचालन गरी उत्पादनमा लगानी गरौं।
- आर्थिकरूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड